CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३६ पूर्णाङ्क

नयराजजन्मशताब्दीमा प्रकाशित दोस्रो कृति

अशोक र ब्राह्मण ४३७-४४१

इटुंबहालको *प्रज्ञापारमिता*तर्फ फेरि एकपल्ट– आत्मसंशोधन ४४२-४५०

नेवारराज्यमा ब्राह्मण– प्रताप मल्लका २ ताम्रपत्र ४५१-४९८

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३४ वर्ष

४ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २५०।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह (६-१२ भाग)*	५।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)*	५५०।-
३.	*इतिहास-संशोधन*	४००।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*गोरखाको इतिहास (१-४ भाग)*	५००।-
६.	*त्रिकोणमिति*	२५।४०
७.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
८.	*धादिङ्मा फेला परेको नेपाली कविता*	७५।-
९.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन*	१००।-
१३.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा (१३-३२, ३४-१३६ पूर्णाङ्क)*	६३२८।-
१६.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१७.	*बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू*	५२५।-
१८.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१९.	*म गोबरगणेश बनेछु*	१२५।-
२०.	*रत्नदीप*	२।५०
२१.	*रत्नदीप १ भाग*	१०५।-
२२.	*रत्नदीप २ भाग*	९२।-
२३.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२४.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२५.	*विद्या-रक्षा*	१००।-
२५.	*विश्रान्ति*	८२।-
२६.	*वृत्तशतक*	३।-
२७.	*व्याकरण-संशोधन*	४५।-
२८.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२९.	*सावधान-पत्र*	१२५।-
३०.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३१.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३२.	*ह्वट् डिड् अंशुवर्मन् राइट् ?*	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२
ई-मेल – samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिंमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठायेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

पाटन बुक शप
पाटन ढोका, ललितपुर, नेपाल
फोन नं. ५५५५२५६

बुक प्यार्अडाइस
जमल, काठमाडौँ, नेपाल
फोन नं. ४२३३४५६, ४३३१०६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अशोक र ब्राह्मण

- नयराज पन्त

[

उपन्यास

१. खास गरी योगी नरहरिनाथ (वि.सं. १९७१- २०५९) र कविराज हरिप्रसाद खकुरेल (वि.सं. २०३० मा मृत्यु)को अगुवाइमा बुद्धिसागर पराजुली (वि.सं. १९७०-२०४९) र शेषराज शर्मा (वि.सं. १९६८-२०४५)को सम्पादकत्वमा वि.सं. २००६ पौषदेखि *पुरुषार्थ*नाउँको मासिक पत्र छापिन थाल्यो । त्यसको पहिलो संख्यादेखि नै नयराज पन्त (वि.सं. १९७०-२०५९)का लेख छापिन थाले । त्यस पत्रको कति संख्या छापिए र कहिलेसम्म त्यो पत्र चल्यो, म ठोकेर भन्न सक्दिनँ तापनि वि.सं. २०१० ज्येष्ठसम्म भने त्यो पत्र छापिँदै थियो । *पुरुषार्थ*मा लगालग संख्या दिइएकोमा बीचको ५ संख्यामा नयराज पन्तको लेख नपरे पनि उनका जम्माजम्मी १६ वटा लेख त्यस पत्रका १४ संख्यामा छरिएका छन् । *पुरुषार्थ* प्रकाश हुन थालेको २ महीनापछि खास गरी कविराज हरिप्रसाद खकुरेल र योगी नरहरिनाथले चलाएको ब्रह्मचर्याश्रममा नयराज पन्तको पाठ्यक्रमले प्रवेश पायो । नयराज पन्तका चेला भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६) र ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म) त्यहाँ पढाउन गए । वि.सं. २००८ ज्येष्ठसम्म त्यो क्रम चल्यो ।[1] नयराज पन्तका चेलाहरू ब्रह्मचर्याश्रमबाट बाहिरिइसकेपछि पनि निस्केका, *पुरुषार्थ*का ३ वटा संख्यामा नयराज पन्तका ४ वटा लेख छापिएका छन् । *पुरुषार्थ*मा खास गरी सनातन धर्म, सदाचार र अध्यात्मसम्बन्धी लेख छापिने भए पनि मुख्यतः बाबुराम आचार्य (वि.सं. १९४४-२०२९) र नयराज पन्तका लेख विरुद्ध प्रकृतिका थिए । नयराज पन्तका त्यहाँ छापिएका १६ वटा लेखमध्ये दोस्रो लेख अहिले यहाँ फेरि छापिएको छ ।

२. प्रसिद्ध मौर्य सम्राट् अशोक बौद्ध धर्मका पक्षपाती भन्ने ठूलो प्रख्यापन छ । त्यसै क्रममा उनलाई ब्राह्मणविरोधीको पगरी पनि ऐतिहासिक रूपमा देखिएका सत्रीहरूले गुताइदिएका छन् । तर अशोकका कुनै पनि लेखमा ब्राह्मणविरोधको गन्ध पनि छैन । उल्टो ब्राह्मण र श्रमण अर्थात् बौद्ध भिक्षुलाई उही तहमा आदर र दान गर्नुपर्ने भएको कुरा देखाउन नयराज पन्तले यो लेख लेखेको देखिन्छ ।

अशोकको तेस्रो प्रधान शिलालेखमा **[...] मम युता च राजूके च पदिसिके च पंचसु पंचसु वासेसु अनु-संय(ा)न(ं) ि(न)यातु एतायेव अथाय इमाय धंमानुसट्विय यथा अञा य पि कंमाय [...] बाम्हणसमणानं सा(धु द)ानं अर्थात् मम युक्ताश्च रज्जुकाश्च प्रादेशिकाश्च पञ्चसु पञ्चसु वर्षेष्वनुसंयानाय निर्यान्तु, एतस्मा एवार्थायास्यै धर्मानुशस्तये यथान्यस्मा अपि कर्मणे [...] ब्राह्मणश्रमणेभ्यः साधु दानं**[2],

चौथो प्रधान शिलालेखमा **[...] ब्रा(म्ह)णर्समणानं असंपंतीपती त अज देवानंपियस पियदसिनो राञो धंमचरणेन (भे)रीघोसो अहो धंमघोसो [.:.] ब्रम्हणसमणानं संपटिपती अर्थात् [...] ब्राह्मणश्रमणानामसंप्रतिपत्तिः । तदद्य देवानांप्रियस्य प्रियदर्शिनो राज्ञो धर्मचरणेन भेरीघोषोऽभूद्धर्मघोषः [...] ब्राह्मणश्रमणानां संप्रतिपत्तिः**[3],

---

१. महेशराज पन्त २०६६: १७९ ।

२. दीनेशचन्द्र सरकार १९९९: २० । त्यहाँ संस्कृतच्छायामा सन्धि नगरी पद पद छुट्ट्याएर त्यहाँ पाठ दिइएकोमा यहाँ र तल सन्धि गरी पाठ दिइएको छ ।

३. उही: २१, २२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आठौँ प्रधान शिलालेखमा **सो देवानांपियो पियदसि राजा दसवसभिसितो संतो अयाय संबोधिं तेनेसा धंमयाता एतयं होति बाम्हणसमणानं दसणे च दाने च** अर्थात् **तद् देवानांप्रियः प्रियदर्शी राजा दशवर्षाभिषिक्तः सनयात् संबोधिम्। तेनैषा धर्मयात्रा। एतस्यां भवति ब्राह्मणश्रमणानां दर्शनं च दानं च**[४]।

यी कुराको चर्चा गरी नयराज पन्तले यो छोटो लेख लेखेका छन्। नयराज पन्तको यो लेख पनि उनका उठानउठानका अरू लेख जस्तै टिप्पणी हाली आफ्नो कुरा पुष्ट गर्ने परिपाटीबाट मुक्त छ। मनमा आएको भावलाई सरल भाषामा सर्र उतार्ने शैलीमा यो लेख लेखिएको छ।

३. यस लेखमा एउटा गल्ती परेको छ। त्यो के भने **राजा दसवसभिसितो** अर्थात् **अभिषेक गरेको दश वर्ष भएका राजाले** भन्ने आठौँ प्रधान शिलालेखमा भएकोमा **१२ वर्ष राज्य गरिसकेपछि** भनी यहाँ नयराज पन्त लेख्न पुगेका छन्। तेस्रो प्रधान शिलालेखमा **द्वादसवासाभिसितेन मया** अर्थात् **अभिषेक गरेको बाह्र वर्ष भएको मैले** भनी लेखिएकोले त्यसैको प्रभावमा यहाँ गल्ती हुन गएको देखिन्छ।

४. यस लेखमा प्रूफसम्बन्धी गल्ती अत्यल्प छन्। ती सच्याई मैले सकारेको सम्पादनपद्धतिअनुसार यो लेख तल दिइएको छ। यसरी सम्पादन गरे पनि कहाँ कहाँ सुधारिएको रहेछ भन्ने बुझ्न सजिलो होओस् भनी अहिले छापिँदा जुन पङ्क्तिमा सच्याइएको छ, त्यसैको दायाँपट्टि पूर्वरूप दिइएको छ। त्यस्तो पूर्वरूप दायाँपट्टि राख्दा एकै पङ्क्तिमा एकभन्दा बढी शब्दका, लहरै नआएका पूर्वरूप हाल्नुपरेको खण्डमा ती दुइको बीचमा बढी ठाउँ छोडिएको छ। पहिलोपटक जसरी छापिएको थियो, त्यो हेर्न सजिलो होओस् भनी त्यसको फ्याक्सिमिलि यहाँ अन्त्यमा हालिएको छ।

५. *पूर्णिमा*को १३५ पूर्णाङ्कमा छापिएको, नयराज पन्तको हेलिओदोरको गरुडध्वजको विषयमा संस्कृतभाषाको लेख जुन कापीमा नयराज पन्तको हस्ताक्षरमा छ, त्यही कापीमा त्यो लेख लेखिएको भोलिपल्टै अर्थात् वि.सं. २००६ मार्ग २४ गते लेखिएको, अशोकसम्बन्धी एउटा संस्कृत लेख त्यही हस्ताक्षरमा छ। त्यही कापीको २९३ पृष्ठमा त्यस लेखको लगत्तै *पुरुषार्थ*मा छापिएको लेखको जस्तै भावको एउटा संस्कृत लेख नयराज पन्तकै त्यही हस्ताक्षरमा मिति नदिई लेखिएको छ।

६. आफ्नो कुराको पुष्टिको लागि अशोकको एघाह्रौँ प्रधान शिलालेख अर्थात् कालसीको शिलालेखको संस्कृतच्छायाको उद्धरण उनले गरेका छन्। त्यो संस्कृतच्छाया मूलतः दीनेशचन्द्र सरकारको अभिलेखसङ्ग्रह[५]बाट उठाइएको भए पनि अघिल्लोमा छाया प्राकृतको बढी नजीकको छ त पछिल्लोचाहिँ संस्कृतव्याकरणानुसारी छ। जहाँ जहाँ दीनेशचन्द्र सरकारको संस्कृतच्छायासँग यो बाझ्छ, त्यहाँ त्यहाँ अघिल्लोको पाठ यहाँ मैले टिप्पणीमा दिएको छु। दीनेशचन्द्र सरकारले सन्धि नगरी पद पद छुट्याएर दिएकोमा नयराज पन्तले चाहिँ सन्धि गरी राखेका छन् र विषय स्पष्ट पार्न कहीँ कहीँ कोष्ठभित्र शब्द थपेका छन्।

लेखको उठान कालसीको शिलालेखको संस्कृतच्छायाबाट गरिएको छ। त्यसपछिको कण्डिकामा त्यो शिलालेख कहाँ छ भन्ने कुरा लेखी त्यस उत्कीर्ण लेखमा विश्वजनीन धर्मको उपदेश गरिएको छ र त्यहाँ कुनै पनि सम्प्रदायमा अशोकको भक्ति वा द्वेष थिएन भन्ने निष्कर्ष निकालिएको छ। प्राचीन पद्धतिको अनुसरण गर्दै अनुष्टुभ् छन्दका ४ पद्य लेखी यस लेखको उपसंहार गरिएको छ।

---

४. उही: २८ पृष्ठ।

५. उही: ३३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तले *पुरुषार्थ*मा छपाएको यो लेख कहिले लेखियो भन्ने मलाई थाहा छैन । छापिन चाहिँ संस्कृतको लेख लेखिनुभन्दा पछि छापिएको हो भनी निर्धक्क भन्न सकिन्छ ।

-महेशराज पन्त

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

घटराज भट्टराई २०५६

= वि.सं. २०५६ मा काठमाडौँवाट लक्ष्मीप्रसाददेवकोटाप्रतिष्ठानद्वारा प्रकाशित, घटराज भट्टराईको *नेपाली लेखक कोश* ।

प्रजित शाक्य, राजेश आचार्य, ज्ञानबहादुर के.सी. २०६०

= वि.सं. २०६० मा *पूर्णिमा* १०६ पूर्णाङ्कका १-५० पृष्ठमा प्रकाशित; प्रजित शाक्य, राजेश आचार्य, ज्ञानबहादुर के.सी.को *नयराज पन्त (वि.सं. १९७०-२०५९)को जीवनकालमा प्रकाशित, उहाँका कृतिको सूची* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३० पूर्णाङ्कका १७८-१९२ पृष्ठमा छापिएको, महेशराज पन्तको *भोला गुरुलाई सम्झँदै* ।

दीनेशचन्द्र सरकार १९९९

= ई.सं. १९४२ (वि.सं. १९९९) मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *सिलेक्ट् इन्स्क्रिप्शन्ज्, बेऱ्इङ् अन् इन्डिअन् हिस्टरि यान्ड् सिभ्इलाइज़ेशन्* (भारतीय इतिहास र लोकयात्रासँग सम्बद्ध छनौट अभिलेखहरू) १ ठेली १ संस्करण ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अशोक र ब्राह्मण

[लेखक- श्री नयराज]

अशोकका शिलालेखहरू भारतवर्षभर छरिएर रहेका छन्। तिनमा अशोकले आफ्नो अभिप्राय प्रजाहरूलाई बुझाउने उद्योग गरेका छन्। प्रजाहरूमा परस्पर मेलमिलाप रहोस्, दानधर्म चलोस्, झरझगडा नहोओस् भन्ने अभिप्राय अशोकको थियो भन्ने ती शिलालेखबाट बुझिन्छ।

मेल मिलाप दान धर्म
झर झगडा नहोओस्,

मेरा अध्यक्षहरू पाँच पाँच वर्षमा धर्मप्रचार गर्न दौडाहा गरून्। ब्राह्मण र भिक्षुहरूलाई दान दिनु बढिया हो भनी तिनीहरू प्रचार गरून् –तेस्रो शिलालेख।

'मेरा गरून्'

ब्राह्मण र भिक्षुहरूको अपमान बढ्दै गएको थियो, अहिले महाराजबाट ब्राह्मण र भिक्षुहरूको सत्कार बढाइयो –चौथो शिलालेख

'ब्राह्मण
बढाइयो'।

१२ वर्ष राज्य गरिसकेपछि महाराजबाट तीर्थ गरी ब्राह्मण र भिक्षुहरूको दर्शन गरी दान भयो – आठौं शिलालेख।

'१२ ब्राह्म
भयो'।

अशोकका शिलालेखमा यस्ता कुरा लेखिएका छन्। ती शिलालेखमा ब्राह्मणका उपर आक्षेप परेको वाक्य देखिँदैन। यस कारण अशोक ब्राह्मणविरोधी थिए भनी कसैकसैले पिटेको कोलाहलमा केही सार छैन भन्ने स्पष्ट देखिन्छ।

देखिंदैन 'अशोक
ब्राह्मण विरोधी थिए' कसै कसैले

अशोक र ब्राह्मण

[लेखक—श्री नयराज]

अशोकका शिलालेखहरू भारतवर्षभर छरिएर रहेका छन्। तिनमा अशोकले आफ्नो अभिप्राय 'प्रजाहरूलाई बुझाउने उद्योग गरेका छन्। प्रजाहरूमा परस्पर मेल मिलाप रहोस्, दान धर्म चलोस्, झर झगडा नहोओस्, भन्ने अभिप्राय अशोकको थियो भन्ने ती शिलालेखबाट बुझिन्छ।

'मेरा अध्यक्षहरू पाँच पाँच वर्षमा धर्मप्रचार गर्न दौडाहा गरून्। ब्राह्मण र भिक्षुहरूलाई दान दिनु बढिया हो भनी तिनीहरू प्रचार गरून्'-तेस्रो शिलालेख।

'ब्राह्मण र भिक्षुहरूको अपमान बढ्दै गएको थियो, अहिले महाराजबाट ब्राह्मण र भिक्षुहरूको सत्कार बढाइयो' चौथो शिलालेख

'१२ वर्ष राज्य गरिसकेपछि महाराजबाट तीर्थ गरी ब्राह्म र भिक्षुहरूको दर्शन गरी दान भयो' आठौं शिला लेख।

अशोकका शिलालेखमा यस्ता कुरा लेखिएका छन्। ती शिलालेखमा ब्राह्मणका उपर आक्षेप परेको वाक्य देखिंदैन। यस-कारण 'अशोक ब्राह्मण विरोधी थिए' भनी कसै कसैले पिटेको कोलाहलमा केही सार छैन भन्ने स्पष्ट देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवानां प्रियः[६] प्रियदर्शी राजैवमाह नास्तीदृशं दानं यादृशं धर्मदानं, धर्मसंविभागो, धर्मसम्बन्धः। तत्रैतद् (भवति) दासभृतकेषु सम्यक्प्रतिपत्तिः, मातापित्रोः[७] शुश्रूषा, मित्रसंस्तुतज्ञातिभ्यः[८] श्रमणब्राह्मणेभ्यो दानम्, प्राणानामनालम्भः। एतद् वक्तव्यं पित्रापि पुत्रेणापि भ्रात्रापि स्वामिनापि मित्रेण संस्तुतेन (च)[९] यावत्[१०] प्रतिवेशिन[११] इदं साध्विदं कर्तव्यम्। स तथा कुर्वन्नैहलौकिक्कं च पारलौकिक्कं च (कुर्वन्) भवति[१२]। परत्र चानन्तं पुण्यं प्रसूयते[१३] तेन धर्मदानेन।

एवमाकारः प्राकृतभाषामयः शिलाफलक उत्कीर्णो लेखः संयुक्तप्रान्तान्तर्गते[१४] देहरादूने कलश्यां समुपलभ्यते। अनेन च विश्वजनीनो धर्म उपदिष्टो भवति। नह्यत्र कस्मिंश्चित्संप्रदाये भक्तिर्द्वेषो वा राज्ञो मनसि कृतास्पदो बभूवेति प्रतीयते।

भवन्ति चात्र

ब्राह्मणैः पीड्यमानानां प्रजानां शान्तिमीप्सिता।
बौद्धो धर्मः पदं लेभे ब्राह्मणद्वेषिणां हृदि ॥
विप्रद्वेषिषु तेष्वेव प्रियदर्शी महायशाः।
ब्राह्मणग्लापिनं धर्मं प्रथयामास भूतले ॥
उपज्ञातः सत्रिबुधैः सिद्धान्त एष सम्प्रति।
जोघुष्यते छात्रवर्गैरन्वहं पाठ्यपुस्तके ॥
ब्राह्मणाँञ्छ्रमणाँश्चैव सममेव प्रपूजयन्।
प्रियदर्शी कया रीत्या ब्राह्मणद्वेषमाचरत् ॥

---

६. देवानांप्रियः।
७. मातापितृषु।
८. °ज्ञातिक्येभ्यः।
९. स्वामिक्येन अपि, मित्रसंस्तुतेन,।
१०. नयराज पन्तको हस्ताक्षरमा भ्रमवश यावद् लेखिएको छ।
११. प्रतिवेश्यं।
१२. सः तथा कुर्वन् ऐहलोकिक्यं च कं आराद्धं भवति।
१३. प्रसाव्यते।
१४. मूलमा संयुक्ता° छ। पछि संयुक्त प्रान्तको नाउँ उत्तरप्रदेश भएपछि यस कापीमा पनि भिन्नै हस्ताक्षरमा उत्तरप्रदेशा° बनाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इटुंबहालको *प्रज्ञापारमिता*तर्फ फेरि एकपल्ट आत्मसंशोधन

- महेशराज पन्त

१. गएको वैशाखमासान्तको दिन *पूर्णिमा* १३४ पूर्णाङ्क निस्कियो। २० महीनाको कडा परिश्रमले तयार भएको *इटुंबहालको प्रज्ञापारमिता– खस-नेवारसम्पर्कको नतीजा* भन्ने २७२ पृष्ठको लेख त्यहाँ छापिएको छ । वि.सं. २०६७ भाद्रमा *पूर्णिमा* १३३ पूर्णाङ्क छापिएपछि लामो समयसम्म अर्को अङ्क नआएकोले *पूर्णिमा*का पाठकहरूमध्ये केहीले *पूर्णिमा* किन आएन भनी सोद्धा कुरा लुकाउने बानी मेरो नभएकोले यति कारणले ढीलो भएको हो भनी म भन्ने गर्थें।

२. वर्गविशेषमा अल्पज्ञानले नै प्रतिष्ठित मानिसहरूचाहिँ त्यो लेख छापिएर त आओस्, हामीले गल्ती देखाउन जानेको छ भनी कुर्लन्थे भन्ने मैले सुनेको थिएँ। वि.सं. २०६२ मा खुद इटुंबहालको पारावतमहाविहारसंरक्षणसमाजद्वारा प्रकाशित इटुंबहालको *अभिलेख सङ्ग्रह* (२०६२)को गति देख्दा र इटुंबहालकै गुठियारले इटुंबहालबारे लेखेको एम्.ए. थेसिसमा त्यहींको *प्रज्ञापारमिता*को पाठ दिँदा त्यो *प्रज्ञापारमिता* नपल्टाईकनै ज्ञानमणि नेपालको पुस्तक (२०५४:४६)बाट पाठ सारेको (उष्णिक् रत्न शाक्य २०६६:१४१) देख्दा तिनीहरूको पुरुषसम्पद्बारे मलाई अनुमान नभएको होइन । आफ्नो ज्ञान कति छ भन्ने पत्ता नपाएका, गरीबको छोरा भई जन्मी धनीको बाबु हुने काममा आफ्नो तनमन दिएका तिनीहरूबाट सामान्य मीनमेष निकाल्ने कामभन्दा बढी हुँदैन भन्नेमा म विश्वस्त हुँदा हुँदै पनि तिनीहरूले देखाएको जस्तोसुकै सानो गल्ती भए पनि कृतज्ञतापूर्वक त्यो सकार्ने मनःस्थितिमा म थिएँ ।

३. तयार भइसकेको लेख पनि छापाखानामा दिनुभन्दा अगाडि अत्यन्त सावधान भई वारंवार पढेर सच्याउने र थपघट गर्ने भएकोले मलाई लेख निकाल्न धेरै समय लाग्छ। *इटुंबहालको प्रज्ञापारमिता– खस-नेवारसम्पर्कको नतीजा* भन्ने मेरो लेख पनि यसको अपवाद भएन। लेख छापिएर आएपछि निकै दिनसम्म त्यही लेख यसो पल्टाएर हेर्ने मेरो बानी भएकोले केही गल्ती म भेट्टाई पनि हाल्छु। यसै क्रममा *पूर्णिमा*को यो अङ्क बजारमा जानुभन्दा अगाडि र पछाडि केही गल्ती किस्ताबन्दीमा त्यस लेखमा पनि भेट्टाएँ। कति हातले सच्याएर बजारमा पठाइयो त पछि भेट्टाइएका गल्तीसमेत गाभी अलग्गै सूचीपत्र छापी *पूर्णिमा*को यही अङ्कमा हालेर बजारमा पठाइयो। त्यसपछि पनि केही गल्ती भेट्टाइए। भेट्टाइएका जति सबै गल्ती अहिले यहाँ सँगेटिएका छन्। यी जम्मै गल्तीका प्रकार छुट्ट्याउँदा प्रूफसम्बन्धी, सावधान नहुँदा हुन गएका सामान्य, सावधान नहुँदा हुन गएका विशेष, अज्ञानबाट भएका गरी ४ प्रकारका गल्ती देखिएका छन्–

३.१. प्रूफसम्बन्धी गल्ती

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२०१, ३०८ टिप्पणीको बाँकी अंश	५	ह्मापायावु	ह्मापायावु
२०८, ३१३ टिप्पणीको बाँकी अंश	३	रूक्मिणी	रूक्मिणी*
२१९	७	*ख» पूजाविधिको*	*खड्गपूजाविधिको*
२२४ पृष्ठ, ४०१ टिप्पणी	१०	बारि सुनिर्म्मलं	वारि सुनिर्म्मलं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५० पृष्ठ, ४ उपटिप्पणीको बाँकी अंश	२	पी-इन्डो	प्री-इन्डो
२८९	७	नकबहिरि	नकबहिरि
२८९	११	°सञ्वाराधेन	°सञ्वाराघेन
३०३	८	°पारावतमहविहार°	°पारावतमहाविहार°
३१३	४	प्रकाशितस	प्रकाशित;
३५०	१३	*बहि* को	*बह्विको*

३.२. सावधान नहुँदा हुन गएका सामान्य गल्ती

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१९३ पृष्ठ, २६७ टिप्पणी	२	२०६७ क	२०६३ क
२०२	११	टिप्पणी	सामग्री
२२३ पृष्ठ, ३९९ टिप्पणी	४	प्रतिष्था	प्रतिस्था
२६६, ५४८ टिप्पणी	३	२०६१: १२८	२०६१ ग
३४१	१७	सहर	शहर

३.३. सावधान नहुँदा हुन गएका विशेष गल्ती

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
९०	७	श्रीकुमार रञ्जितद्वारा अगाडिका र	श्रीकुमार रञ्जितद्वारा अगाडिका र
९१	१	पछाडिका गरी ६ पृष्ठको फोटे लिइयो ।	पछाडिका गरी ८ पृष्ठको फोटे लिइयो ।

पृष्ठ	पङ्क्ति
९३	३-४ र ६-९

अशुद्ध

हामीले पहिलो पृष्ठको र अरू ४ पृष्ठका गरी ५ पृष्ठको र पुष्पिका भएका पृष्ठ अर्थात् ४७८ क र ४७८ ख गरी ७ पृष्ठको फोटे लिएका थियौँ । [...] फोटे लिइएका ७ पृष्ठमध्ये २ पृष्ठको फोटे भने पटक्कै नबुझिने छ । बाँकी ५ पृष्ठका फोटेमध्ये पहिलो पृष्ठको, कुनै अरू २ पृष्ठको कामचलाउ जस्ता भए पनि *शतसाहस्रिका प्रज्ञापारमिता*को त्यस पुस्तक्को फोटे सजिलैसँग खिँच्न नपाइने हुनाले *शतसाहस्रिका प्रज्ञापारमिता*को विषयमा काम गर्नेहरूलाई उपयोगी होओस् भनी तिनको पनि यहाँ फ्याक्सिमिलि दिइएको छ ।

शुद्ध

हामीले पहिलो पृष्ठको र अरू ५ पृष्ठका गरी ६ पृष्ठको र पुष्पिका भएका पृष्ठ अर्थात् ४७८ क र ४७८ ख गरी ८ पृष्ठको फोटे लिएका थियौँ । [...] फोटे लिइएका ८ पृष्ठमध्ये २ पृष्ठको फोटे भने पटक्कै नबुझिने छ । बाँकी ६ पृष्ठका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फोयेमध्ये पहिलो पृष्ठको, कुनै अरू २ पृष्ठको कामचलाउ जस्ता भए पनि *शतसाहस्रिका प्रज्ञापारमिता*को त्यस पुस्तकको फोये सजिलैसँग खिँच्न नपाइने हुनाले *शतसाहस्रिका प्रज्ञापारमिता*को विषयमा काम गर्नेहरूलाई उपयोगी होओस् भनी तिनको पनि यहाँ फ्याक्सिमिलि दिइएको छ ।

पृष्ठ	पङ्क्ति
१९१	६-१०

अशुद्ध

१३. अब यस पुष्पिकाको संस्कृत खण्डको वर्णविन्यासबारे एउटा कुरा । रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको विकल्पले हुने द्वित्व यहाँ सामान्यतया गरिएको छैन, अपवादको रूपमा द्वित्व ३ चोटि मात्र गरिएको छ–

शौर्य्योदार्य° (४७८ ख पत्रको १ पङ्क्ति), संपूर्ण्ण (उही पत्रको ४ पङ्क्तिमा थपिएको), °सुवर्ण्ण°(उही पत्रको ८ पङ्क्ति) ।

शुद्ध

१३. अब यस पुष्पिकाको संस्कृत खण्डको वर्णविन्यासबारे एउटा कुरा । रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको विकल्पले हुने द्वित्व यहाँ सामान्यतया गरिएको छैन, अपवादको रूपमा द्वित्व ४ चोटि मात्र गरिएको छ–

शौर्य्योदार्य° (४७८ ख पत्रको १ पङ्क्ति), सम्पूर्ण्ण (उही पत्रको ४ पङ्क्तिमा थपिएको), °सुवर्ण्ण° (उही पत्रको ८ पङ्क्ति), संपूर्ण्ण (उही पत्रको ९ पङ्क्ति) ।

पृष्ठ	पङ्क्ति
२६६ पृष्ठ, ५४८ टिप्पणी	१-४

अशुद्ध

अद्य जुगमतो धार्णात श्रावणमासे कृष्णपक्षे त्रयोदस्यातथो वनिक कर्णा आदि मूर्हूते, श्री दिने गुरुहारोया मश्रे षनक्षत्रे परिद्य योगे शाश्चिवासरे शिहराशिगते सवितरि कक्रठ राशिगते चन्द्रमशि भनी यस लिखतका सम्पादक सुरेशज्योति शाक्य (२०६१:१२८)ले यसको मिति पढेका छन् । अत्यन्त भ्रष्ट ढङ्गले उतारिएको यस पाठबाट मितिको उद्धार गर्दा मश्रे षनक्षत्र भनेको अश्लेषानक्षत्र हो कि भनी अडकल गरेको छु ।

शुद्ध

अद्य जुगमतो धार्णात श्रावणमासे कृष्णपक्षे त्रयोदस्यातथो वनिक कर्णा आदि मूर्हूत्रे, श्री दिने गुरुहोराया मश्रे षनक्षत्रे परिद्य योगे शनिश्चवासरे शिहराशिगते सवितरि कक्रठराशिगते चन्द्रमशि भनी एकपटक सुरेशज्योति शाक्य (२०५५)ले र अद्य जुगमतो धार्णात श्रावणमासे कृष्णपक्षे त्रयोदस्यातथो वनिक कर्णा आदि मूर्हूते, श्री दिने गुरुहारोया मश्रे षनक्षत्रे परिद्य योगे शाश्चिवासरे शिहराशिगते सवितरि कक्रठ राशिगते चन्द्रमशि भनी अर्कोपटक उनै (२०६१)ले यसको मिति पढेका छन् । दुवैपटक अत्यन्त भ्रष्ट ढङ्गबाट उतारिएको यस पाठको मूल ताडपत्रको अलि अस्पष्ट फ्याक्सिमिलि उनै (२०५६:८१ पछिको दोस्रो पृष्ठमा छापिएको दोस्रो फ्याक्सिमिलि)ले छपाएका छन् । त्यस फ्याक्सिमिलिसँग सुरेशज्योति शाक्यका पाठ रुजू गरी माथि मिति दिइएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३.४. अज्ञानबाट भएका गल्ती

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२१४	१८	आग्नेय (पूर्व र दक्षिण)	वायव्य (उत्तरपश्चिम)
२५५	१५	नैर्ऋत्य (दक्षिणपश्चिम)	वायव्य (उत्तरपश्चिम)

४. यस*प्रज्ञापारमिता* सारिएको मिति अर्थात् शाके १३८० ने.सं. ४७८ (वि.सं. १४१५) भाद्रशुक्लदशमीभित्रका भनी *पूर्णिमा*को त्यस अङ्कको २०१ पृष्ठको ४ पङ्क्तिमा छापिएकोमा शाके १३८० होइन कि शाके १२८० हुनुपर्थ्यो । अन्यत्र त्यही अङ्कमा २४ पल्ट (९४-१०३ पृष्ठ, १०८ पृष्ठ, १९८ पृष्ठमा २ पल्ट, १९९ पृष्ठमा ४ पल्ट, २०८ पृष्ठ, २०९ पृष्ठ, २३९ पृष्ठ, २४५ पृष्ठ, २५३ पृष्ठमा ५०१ टिप्पणी, २५४ पृष्ठ, २६७ पृष्ठ) शाके १२८० लेख्दा लेख्दै १ पल्ट असावधानीवश शाके १३८० लेख्न पुगेछु ।

खस राजा जितारि मल्लले इटुंबहालका शाक्यभिक्षुवज्राचार्य राजब्रह्मश्रीलाई सिजामा बोलाएको भनी *पूर्णिमा*को त्यस अङ्कको २५१ पृष्ठको १४ पङ्क्तिमा छापिएकोमा जितारि मल्लले होइन कि पृथ्वी मल्लले हुनुपर्थ्यो । अन्यत्र त्यही अङ्कमा यस कुराको प्रसङ्ग आउँदा पटक पटक (२४३ पृष्ठमा ३ पटक, २४४ पृष्ठमा ३ पटक) पृथ्वी मल्ल लेख्दा लेख्दै १ पल्ट असावधानीवश जितारि मल्लले लेख्न पुगेछु ।

पूर्णिमाको त्यो अङ्क निस्किएको लगत्तै जसो श्रीदेविचन्द्र श्रेष्ठले यी गल्ती देखाइदिनुभएकोमा उहाँलाई धन्यवाद छ ।

५. इटुंबहालको *प्रज्ञापारमिता*को पुष्पिकाको पाठमा मैले मसिङाव पढेको थिएँ (१८८ पृष्ठको १३ पङ्क्ति, १९९ पृष्ठका १३ र २५ पङ्क्ति) । तपाईंले पढेको मसिङाव पाठ ठीक भएन, मसियाव फ्याक्सिमिलिमा राम्रै देखिन्छ भनी काशीनाथ तमोट भन्नुहुन्थ्यो भनी श्रीरामहरि तिमल्सिनाले मलाई वि.सं. २०६९ ज्येष्ठ ६ गते शनिवारको दिन सुनाउनुभयो । नभन्दै फ्याक्सिमिलि पल्टाई हेर्दा शुद्ध पाठ मसियाव नै देखियो । मलाई त्यस वेलाको नेवारीमा मसिङाव हुन्छ भन्ने लागेकोले र मैले रङ्गीन प्रिन्ट्आउट नबनाई सामान्य प्रिन्ट्आउटबाट पाठ पढेकोले यो गल्ती हुन गएको जस्तो मलाई अहिले लाग्छ । अलि अस्पष्ट अभिलेखको पाठ सामान्य प्रिन्ट्आउटभन्दा रङ्गीन प्रिन्ट्आउटमा बढी स्पष्ट आउने रहेछ भन्ने ज्ञान पनि मलाई यसबाट भयो ।

यस प्रसङ्गमा अर्को एउटा कुरा पनि गर्नुपर्ने भएको छ । यही मसियावको याको र यही पङ्क्तिको तयाको याको मुनि थोप्ला हालिएकोले यको मुनि थोप्ला हाल्ने चलन त्यसै वेला चलिसकेको रहेछ भन्ने कुरा बुझिन्छ । तर याको मुनि आएको थोप्ला संस्कृत शब्दमा नआई नेवारी शब्दमा आएको चाखलाग्दो छ ।

यस गल्तीको चर्चा श्रीकाशीनाथ तमोटले जर्मनको प्रोजेक्टमा आफ्ना सहकारीहरूसँग गर्नुभएकोमा उहाँलाई र त्यसको सूचना श्रीरामहरि तिमल्सिनाले दिनुभएकोले दुवैलाई यथोचित धन्यवाद छ ।

६. इटुंबहालको *प्रज्ञापारमिता*को पुष्पिकामा शाक्यभिक्षुपछि तपाईंले पढ्नुभएको वज्राचार्य पाठ ठीक भएन, त्यहाँ त वदाचार्य पो देखिन्छ भनी त्यही दिन श्रीप्रतापमान शाक्यले मलाई भन्नुभयो । मैले पनि फ्याक्सिमिलि पल्टाई हेर्दा वदाचार्य नै देखें । यो पनि रङ्गीन प्रिन्ट्आउटबाट नपढेको फल हो जस्तो मलाई लाग्यो तापनि यहाँनिर अर्को एउटा कुरा पनि गर्नुपरेको छ । त्यो के हो भने वदाचार्यको अर्थ छैन भनी भनिरहनुनपर्ला । मेरा पूर्वसूरि गौतमवज्र वज्राचार्यले बुद्धाचार्य पढेको (महेशराज पन्त २०६९:१८५) र त्यसकै अनुसरण उनीपछिकाहरूले गरेको (उही: ९०-१८५, २३५) कुरा त मैले मूल लेखमै लेखिसकेको छु । यस कारण वदाचार्य पाठ मान्दा मान्दै यसको अर्थ भने चिन्त्य छ भनी अन्त्यमा भन्नुपरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो गल्ती देखाइदिएकोले प्रतापमान शाक्यलाई धन्यवाद छ ।

७. इटुंबहालका अभिलेखमा वि.सं. को प्रयोग अन्त १ ठाउँमा पनि भएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ । कुरा के भने इटुंबहालमा रहेको, वि.सं. १२८० को पट भुत्रो भएकोले त्यही पटको, अठाह्रौँ शताब्दीमा तयार गरिएको, प्रतिकृतिरूपको अर्को पट अझसम्म छ (महेशराज पन्त २०६९: §२०.३ = २००-२०१) भन्ने लेखी त्यसको टिप्पणीमा यस्तो लेखेको थिएँ-

मेअरी शेपअर्ड स्लसर २०३६:२२०, ३८ सङ्ख्याको टिप्पणी = उही २०६२ क:५१८ मा ३८ सङ्ख्याको टिप्पणी ।

उही २०६७:६०-६१ ।

पुरानो पटको प्रतिकृतिरूपको त्यस पटको अभिलेखको पाठ, अङ्ग्रेजीमा उल्था र व्याख्यासहित गौतमवज्र वज्राचार्य (२०५९:२८३)ले छपाएका छन् र त्यस अभिलेखको पाठअनुसार ने.सं. ८२४ (वि.सं. १७६०) चैत्रशुक्लपञ्चमीको दिन त्यस नयाँ पटको प्रतिष्ठा गरिएको हो । त्यस नयाँ पटको विषयमा गौतमवज्र वज्राचार्य (२०६१)ले एउटा भिन्नै लेख पनि लेखेका छन् र त्यस पटमा भएको अभिलेखको उल्था पहिले आफूले गर्दा हुन गएको गल्तीको संशोधन पनि त्यही लेख (उही:११५ मा ६ सङ्ख्याको टिप्पणी)मा गरेका छन् । तर उनका अघिल्लापछिल्ला दुवै लेखमा मेअरी शेपअर्ड स्लसरले लेखेको कुराको पुष्टि गर्ने वाक्य अर्थात् पुरानो पट वि.सं. १२८० मा बनेको हो भन्ने कुरा परेको छैन । त्यसमाथि ने.सं. ८२४ (वि.सं. १७६०) चैत्रशुक्लपञ्चमीको दिन प्रतिष्ठा गरिएको त्यस नयाँ पटमा भएको लेखमा ह्मापायावु **प्रतिभराड जिर्ण्ण जुयाव वङ गुरिमैत्रीवर राजा, प्रतिभराड जिर्ण्णोद्धारण याङाव बाहारया ।। [...] थ्व प्रतिभरा जिर्ण्ण जुर हामला ह्मनं ...** अर्थात् **पहिलेको प्रतिभराड (= प्रतिभट्टारक = पौभा) जीर्ण भएर गयो । गुरिमैत्रीवर राजा[को] प्रतिभराड जीर्णोद्धार गरेर बहालको । [...] यो प्रतिभराड जीर्ण भयो ...** मात्र लेखिएको छ । पुरानो पट कहिलेको हो भन्ने कुरा पनि नयाँ पटमा नलेखिएको कुरा यताबाट स्पष्ट हुन्छ ।

वि.सं. मा मिति दिइएको वाक्य अझै छापिन बाँकी रहेको यताबाट देखिन गएको छ । गौतमवज्र वज्राचार्य (उही:११५ मा ३ सङ्ख्याको टिप्पणी)को लेखाइअनुसार त्यस पटमा भएको लेख जति मेअरी शेपअर्ड स्लसर र उनले मिली पढेकोले गौतमवज्र वज्राचार्यले त्यो वाक्य नछपाए पनि आफूसँग भएको पाठको आधारमा मेअरी शेपअर्ड स्लसरले यस्तो लेखेको देखिन्छ तापनि पुरानो पटको मिति अहिलेसम्म किन छापिएन, त्यो पहेली बनेर रहेको छ ।

पूर्णिमा १२४ पूर्णाङ्क छापिएपछि गौतमवज्र वज्राचार्यले भनेकाले त्यो अङ्क ई-मेलद्वारा उनीकहाँ पठाइदिएँ । त्यही प्रसङ्गमा त्यस पटको विषयमा उनीसँग ई-मेलद्वारा पटक पटक छलफल भयो । मैले जुन पटको उद्धरण गरी त्यहाँ वि.सं.मा मिति नदिइएको भनी लेखेँ, त्यसभन्दा अर्कै पटमा पो वि.सं.को उल्लेख भएको उनबाट थाहा भयो । मैले २ वटा पटलाई एउटै ठान्दा यो भ्रम परेको रहेछ । वि.सं. १२८० को पटको एक खण्डको फोटो पनि गौतमवज्र वज्राचार्यले मलाई पठाइदिए ।

यही वि.सं. २०६९को बहिद्यः ब्वयेगु हेर्न श्रीकुमार रञ्जित र श्रीजुनु बासुकलासँग जनैपूर्णिमाको दिन म इटुंबहाल गएँ । मेरो मुख्य इच्छा त त्यहाँको *शतसाहस्रिका प्रज्ञापारमिता* को मूल पुस्तक फेरि एकचोटि पल्टाउने थियो, २ वर्षअगाडि फोटो खिँच्दा त्यति राम्रो नआई कहीँ कहीँ राम्रो नबुझिएको पाठ सच्याउने र फेरि सम्बद्ध अंशको फोटो खिँच्ने थियो । तर त्यहाँका गुठियारहरूले आलटाल गरेकाले त्यो सम्भव भएन । तर त्यहाँ ३० वर्षयतादेखि देखाउन छोडिएको बिलंपौ यसपालि देखाइएको रहेछ । त्यसको चित्र जतिको फोटो खिँच्ने काम श्रीजुनु बासुकलाबाट भयो र चित्रैपीछे मुनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखिएका वाक्य म र श्रीजुनु वासुकला भई पढ्यौँ र सार्ने काम मैले गरेँ । पाठ पढ्दा कहीँ कहीँ श्रीप्रतापमान शाक्य र श्रीज्योतिरत्न शाक्यबाट पनि मदत पाइयो ।

यस बिलंपौको पुष्पिकावाक्य यस प्रकारको छ–

> **शुभ सम्वत् ९३५ मिति ×××[1] सुक्लपखः ।। आदित्यवार थुखुनु कांतिपुर महानगलया ؍ केसचन्द्रकृवकृत-पारावत्तमहाविहा(र) ×× ×नतिचा पखाक्षया शाक्यभिक्षु श्रीभाकुसिंह दिवंगत जुया ओनाओ थ्वया नामन । केशवचन्द्रया वन्सावलि तोरानपत्ति ह्मापायागु जिर्ण्ण जुयाओ ओनाओ वीहार × ।। ×××या स ××ो ।। ×× । तस्य पत्नी निकिधीमती थाकुर्सिहस्य प्रथमपुत्र भाजु ××× तस्य दारा रत्नमती द्वितीयात्मजसिद्धिनरसिं तस्य जाया धनथकुं प्रौत्र लक्ष्मीउनरसिं सुधुदेओकस्य पुत्र भाजुवीर थाकुसिंकस्य पितीयपौत्र धिजवीरसिं तृतीयप्रौत्र धनवीरसिं ।।**

यस बिलंपौको उठानमा सबभन्दा पहिले गणेशको चित्र दिई त्यसको मुनि **श्रीगणेशाय नमो श्रीविक्रमसंवत १२८०** लेखिएको छ। गणेशको चित्रमुनि लेखिएको यो पूरै पङ्क्ति देवनागरी लिपिमा छ र अङ्क जति ठूलो टाँकामा छ। त्यसपछिका अरू सबै लेख अन्त्यसम्म नेवारी लिपिमा छन् । गणेशको चित्रपछिको पहिलो चित्रको मुनि **१ थन थबहीलया गरुजुजुनं थओ राजेस सुखन भोग याना चोन ।।** लेखिएको छ, दोस्रो चित्रको मुनि **१ थन परजापीसं दरसन यानाओ चोन ।।** लेखिएको छ र तेस्रो चित्रको मुनि **१ थन केसचन्द्र ह्मीतल वन ।।** लेखिएको छ । एवंक्रमले माथि चित्र र तल वाक्य आएको छ ।

यस बिलंपौसम्बन्धी, नेवारीमा लेखिएको खास पुष्पिकावाक्य आउनुभन्दा अगाडि देवनागरीमा अर्को एउटा वाक्य लेखिएको छ । त्यसका केही अंश पढ्न नसकिने अवस्थामा पुगिसकेका छन् तापनि पढ्न सकिएसम्मको अंश यस प्रकारको छ–

> **१ संवत् २००१ सावन १७ गते बुधवार खुनू ५ जिर्नउधार याना जुलो[2] ।। मोतीकाजी त्रीरत्नया ×××××××× पनीसेनं मनोवान्छा जूया जीर्नउधार याना जूल सुभम् ।।**

पहिलो पुष्पिकावाक्यअनुसार परलोक भएका, इटुंबहालका एकजना दिवंगत शाक्यभिक्षुको नाउँमा उनको परिवारले[3]

---

१. यस्तो चिह्नले मसी उडेर, पाप्रा उप्किएर गएको अक्षर वा प्रसङ्ग नमिल्दा छोडेको अक्षर बुझाउँछ । जतिवटा अक्षर गएका वा छोडिएका छन्, त्यतिवटा नै यस्तो चिह्न त्यहाँ दिइएको छ ।

२. वि.सं. २००१ साउन १७ गते बुधवार नभई मङ्गलवार पर्छ–

संवत् २००१ श्रावण शुक्ल: (गुँलाथ्व) पा.ति.म.पू.ज्ये.पू.उ. (जुलाई + अगष्ट) दक्षिणायनम् वर्षर्तुः

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
[श्रावण १७]	मं.	१२	४४। ८	मू.	५९। ३१	ऐं.	६। २०	व.	१५। १०	

[आनन्दादि योग]	[चन्द्रराशि]	[घडी पला]	[सूर्योदय]	[तारीख]	
छत्र	ध.	३३। १८	५।२०	१	(अगष्ट ८)(वहिवोये)

(पद्मनाथ शर्मा २००१:१५)

३. यस उद्धृत अंशबाट यो बिलंपौ दान गर्ने मृतककै परिवारका हुन् भन्ने कुरा नआए पनि यहाँ बीबीचमा गएका अक्षरमा मृतक र दानपतिको नातासम्बन्ध बुझाउने पद हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केशचन्द्रको वंशावली लेखिएको पहिलेको तुलांपौ जीर्ण भएकोले वि.सं. १८७२[४] मा नयाँ लेखाई यो चढाएको बुझिन्छ। दोस्रो पुष्पिकावाक्यअनुसार यसको जीर्णोद्धार वि.सं. २००१ साउनमा भयो भन्ने थाहा हुन्छ। पछिल्लो पुष्पिकावाक्यमा यस विलंपौको जीर्णोद्धार भनेको कालवशात् कहीँ कहीँ चित्र धमिलो भएकोमा वि.सं. २००१ मा सच्याएको भनी भन्न खोजेको हुनुपर्छ।

यसरी जीर्णोद्धार गर्दा वि.सं.मा मिति दिई देवनागरीमा पुष्पिका दिइएको र बिलंपौमा **श्रीगणेशाय नमो श्रीविक्रमसंवत १२८०** भनी देवनागरीमै लेखिएको देख्दा यी दुवै लेखाइ एकै समयका जस्तै मलाई लाग्छ।

यस बिलंपौको मूल पुष्पिकावाक्यमा पूरै तिथिमिति दिइएकोले **सम्भवतः अठाह्रौँ शताब्दीमा बनाइएको** भनी मेअरी शेप्अर्ड स्लसर (२०३६:२२०, ३८ सङ्ख्याको टिप्पणी = उही २०६२ कः५१८ मा ३८ सङ्ख्याको टिप्पणी)ले गरे जस्तो कल्पना अब गर्नु आवश्यक भएन। उनले सम्झे जस्तो पुरानो पटको मिति **वि.सं. १२८०** को नभई केशवचन्द्रको समय पछिकाले **वि.सं. १२८०** मानी त्यही कुरा व्यक्त गर्न खोजेको हो कि जस्तो मलाई लाग्छ।

वि.सं. २०३७ मै यस बिलंपौको उपयोग एउटा लेखमा हामीले गरे[५] पनि त्यस वेला त्यो बिलंपौ राम्ररी नहेरेकोले वि.सं. १२८० को मितिले अलमलाएको हो।

४. यस मितिमा महीना नष्ट छ, तिथि दिइएको छैन। महीना नदेखिएकोले यो बिलंपौ वि.सं. १८७२ को नभई वि.सं. १८७१ को पनि हुन सक्छ।

५. महेशराज पन्त र दिनेशराज पन्त २०३७:१८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अभिलेख सङ्ग्रह २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट श्रीभाष्कर[१]*देवसंस्कारितकेशचन्द्रकृतपारावत्*महाविहारसंरक्षणसमाजद्वारा प्रकाशित *श्री भाष्कर*देव संस्कारित केशचन्द्रकृत पारावत्*महाविहार इतुंबा अभिलेख सङ्ग्रह*।

उष्णिक् रत्न शाक्य २०६६

= वि.सं. २०६६ मा नेपाल त्रिभुवनविश्वविद्यालयमा उष्णिक् रत्न शाक्यले एम्.ए..को लागि पेश गरेको थेसिस *अ स्टड्इ अन् इटुंबहाल्* (इटुंबहालको विषयमा परिशीलन)।

गौतमवज्र वज्राचार्य २०५९

= ई.सं. २००३ (वि.सं. २०५९)मा शिकागोबाट दि आर्ट इन्स्टिट्युट अफ शिकागोद्वारा प्रकाशित, प्रतापादित्य पालको *हिमालयज्: यान् ईस्थीट्इकल् अड्भेन्चर्* (हिमालय– सौन्दर्यपरक वृत्तान्त)का २७८-२८४ पृष्ठमा पहिलो *अपेन्डिक्स्* (परिशिष्ट)को रूपमा छापिएको, गौतमवज्र वज्राचार्यको द *नेपाली इन्स्क्रिप्शन्ज्* (नेपाली उत्कीर्ण लेखहरू)।

गौतमवज्र वज्राचार्य २०६१

= ई.सं. २००४ (वि.सं. २०६१)मा बम्बईबाट मार्ग पब्लिकेशन्ज़द्वारा प्रकाशित, प्रतापादित्य पालद्वारा सम्पादित *नेपाल् : ओल्ड् इम्ज्इज्, न्यू इन्साइट्स्* (नेपाल– पुराना मूर्ति, नयाँ पहिचान)का १०६-११५ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *मीट् द जीनिज् फ्रम् काठ्मान्डू* (काठमाडौँका यक्षहरूलाई भेट)।

ज्ञानमणि नेपाल २०५४

= वि.सं. २०५४ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको पूर्वमध्यकालको इतिहास*।

पद्मनाथ शर्मा २००१

= लखनौबाट कृष्णप्रसाद र तेजबहादुरद्वारा प्रकाशित, पद्मनाथ शर्माको *रूपान्तरीक्षखपक्ष २००१ मिताब्दस्य नेपालदेशीय पञ्चाङ्गम्* (संवत् २००१ को, नेपाल देशको पात्रो)।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३४ पूर्णाङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञापारमिता– खस-नेवारसम्पर्कको नतीजा*।

महेशराज पन्त र दिनेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४५ पूर्णाङ्कका १-२४ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला*।

---

१. यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेअरी शेप्अर्ड स्लसर २०३६

= ई.सं. १९७९ (वि.सं. २०३६)मा अस्कोनाबाट आर्‌तिबुस आजिआइ पब्लिशर्ज़द्वारा प्रकाशित *आरतिबुस् आजिआइ* (एशियाका कला) ४१ ठेलीका १८५-२२५ पृष्ठमा छापिएको, मेअरी शेप्अर्ड स्लसरको *इन्द्रेश्वर महादेव, अ थर्टीन्थ् सेन्चुरइ नेपालीज् श्राइन्* (इन्द्रेश्वर महादेव– तेह्रौँ शताब्दीको नेपाली मन्दिर) ।

मेअरी शेप्अर्ड स्लसर २०६२ क[२]

= ई.सं. २००५ (वि.सं. २०६२)मा काठमाडौँबाट मण्डल पब्लिकेशन्ज़द्वारा प्रकाशित, मेअरी शेप्अर्ड स्लसरको *आर्ट् यान्ड् कल्चर् अफ् नेपाल्: सिलेक्ट्इड् पेपर्ज्* का ५०५-५२६ पृष्ठमा छापिएको, उनैको *इन्द्रेश्वर महादेव, अ थर्टीन्थ् सेन्चुरइ नेपालीज् श्राइन्* ।

मेअरी शेप्अर्ड स्लसर २०६७

= ई.सं. २०१० (वि.सं. २०६७)मा सियाटलबाट यूनिभर्सिटि अफ् वाशिङ्टन प्रेसद्वारा प्रकाशित, मेअरी शेप्अर्ड स्लसरको *दि यान्टिक्विटि अफ् नेपालीज् वुड् कार्भ्इङ्: अ रीअसस्मन्ट्* (नेपाली काठकपाइको प्राचीनता–पुनरूहापोह) ।

सुरेशज्योति शाक्य २०५५

= वि.सं. २०५५ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) २ वर्ष ११ अङ्कको ५ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *ख्वपदेया मूल दीपंकर महाविहारया ५१२ सालंया छगु तमसूक* (भक्तपुरको मूलदीपङ्कर-महाविहारको ५१२ सालको एउटा तमसुक) ।

सुरेशज्योति शाक्य २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट कुतः पिकाकद्वारा प्रकाशित, सुरेशज्योति शाक्यको *ख्वपदेया विहार बहिया जातः* (भक्तपुरका बहाल र बहिलको चिना) ।

सुरेशज्योति शाक्य २०६१ ग[३]

= वि.सं. २०६१ मा भक्तपुरबाट मैत्रेय युवा संघद्वारा प्रकाशित भद्ररत्न बज्राचार्य*द्वारा *ख्वपया बाहा बहि* (भक्तपुरका बहाल र बहि)को १२८ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *दीपंकर भण्डारे सुरक्षित पशुपति विहार उल्लेख जुगु ताडपत्र* (दीपङ्करभण्डारमा सुरक्षित, पशुपतिविहारको उल्लेख भएको ताडपत्र) ।

---

२. महेशराज पन्त २०६९ मा मेअरी शेप्अर्ड स्लसर २०६२ र २०६२ कको उद्धरण भएकोले महेशराज पन्त २०६९बाट माथि ४४५ पृष्ठमा उद्धरण गरिएको अंशमा दोस्रो लेखलाई २०६२ क' भनी त्यस लेखलाई चिनाइएको हो । त्यसैले मेअरी शेप्अर्ड स्लसरको २०६२ मा छापिएको अघिल्लो लेखको चर्चा यस लेखमा नपरे पनि पछिल्लो लेखलाई २०६२ क भनी चिनाइएको हो ।

३. महेशराज पन्त २०६९ मा सुरेशज्योति शाक्य २०६१, २०६१ क, २०६१ ख, २०६१ ग र २०६१ घको उद्धरण भएकोले महेशराज पन्त २०६९बाट माथि ४४४ पृष्ठमा उद्धरण गरिएको अंशमा २०६१ ग हुनुपर्नेमा भ्रमवश २०६१ छापिएको छ । त्यसैले सुरेशज्योति शाक्यको २०६१ मा छापिएका अघिल्ला ३ र पाँचौँ लेखको चर्चा यस लेखमा नपरे पनि चौथो लेखलाई २०६१ ग भनी चिनाइएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण

प्रताप मल्लका २ ताम्रपत्र

- महेशराज पन्त

१. जनसम्पर्क गरी यताउति डुलेर हिंड्नुभन्दा एकहोरो ढङ्गले लेखपढ गरी बस्दा विद्या बढ्ने ठानी वर्षौं वर्षयतादेखि मैले एकहोरो ढङ्गले लेखपढ गरी समय बिताउने गरेको छु । यसो गर्दा विद्या बढे पनि बजारमा खास नआउने खालका पुस्तकपत्रिका हतपति म भेट्टाउँदिनँ । तत्कालै अखबारहरूमार्फत र छापिएको केही काल बितिसकेपछि आफन्त वा साथीभाइमार्फत त्यस्ता कृतिबारे म थाहा पाउँछु । यसैले वि.सं. २०६६ माघमै छापिएको, नेपालसम्पदासंघको रजतजयन्तीस्मारिकामा प्रताप मल्लका ताम्रपत्र छापिएको कुरा श्रीकुमार रञ्जितबाट वि.सं. २०६७ वैशाख निगल्दोमा मात्र मैले थाहा पाएँ । मैले भनेकोले त्यो स्मारिका किनी वि.सं. २०६७ ज्येष्ठ २ गते मङ्गलवारको दिन उहाँले ल्याइदिनुभयो । त्यहाँ प्रताप मल्लका २ वटा ताम्रपत्रको फ्याक्सिमिलि दिई तिनको विषयमा लेख छापिएको रहेछ (सुशीलकुमार गौतम २०६६) । १८ वर्ष यतादेखि चलिरहेको, नेवारराज्यमा ब्राह्मणविषयक मेरो अन्वेषणमा काम लाग्ने भएर मात्र होइन कि अर्को एउटा कारणले पनि म ती ताम्रपत्रपट्टि तानिँदा यस लेखको जन्म भयो ।

प्रताप मल्लका ती ताम्रपत्रको विषयमा लेख प्रकाश गरिसकेका श्रीसुशीलकुमार गौतमले वि.सं. २०६७ को मङ्सीर महीनाको कुनै दिन गोतामेहरूबारे तपाईंले कुनै लेख प्रकाश गर्नुभएको छ कि भनी मलाई फोन गरी सोध्नुभयो । मैले अहिलेसम्म त केही प्रकाश गरेको छैन, तपाईंले छपाउनुभएका, प्रताप मल्लका ताम्रपत्रको विषयमा लेख्दैछु, दुइ तीन हप्ताभित्र त्यो छापिएला भनी जवाफ दिएँ । वि.सं. २०६७ पौष १४ गते बुधवारको दिन फेरि उहाँको फोन आयो र लेख छापिसकियो कि भनी उहाँले सोध्नुभयो । तपाईंको लेखमा छापिएका, ती ताम्रपत्रका फ्याक्सिमिलिमा ताम्रपत्रको पाठ त स्पष्ट छ, तिनमा लगाइएका छाप भने त्यति स्पष्ट छैनन्, हुन्छ भने ती ताम्रपत्र एकचोटि हेरौँ भनी मैले भन्दा ताम्रपत्रका धनी नारायण गौतमसँग सम्पर्क गरी म फेरि तपाईंलाई फोन गरुँला भनी उहाँले भन्नुभयो । केही बेरपछि उहाँको फोन आयो र ताम्रपत्रका धनीसँग भोलिपल्ट भेट्ने प्रबन्ध उहाँले मिलाउनुभयो ।

वि.सं. २०६७ पौष १५ गते बिहिवार श्रीसुशीलकुमार गौतम, श्रीकुमार रञ्जित र म स्युचाटार गा.वि.स. ८ नं. वडामा बस्ने श्रीनारायण गौतमकहाँ गयौँ । उहाँले ती दुवै ताम्रपत्र हाम्रो अगाडि राखिदिनुभयो । अनि मैले दुवै ताम्रपत्रको नापो लिएँ र श्रीकुमार रञ्जितले फोटो खिँच्नुभयो । श्रीसुशीलकुमार गौतमको लेखमा छापिएका, ताम्रपत्रका फ्याक्सिमिलिमा छाप त्यति स्पष्ट नआएकाले छापका फोटो पटक पटक लिन मैले श्रीकुमार रञ्जितलाई अह्राएँ । मेरो आँखाले अलि नभ्याउने भएकोले ती छापका बिन्द्वात्मक वृत्तमा कतिवटा थोप्ला छन् भनी श्रीसुशीलकुमार गौतमले गनिदिनुभयो ।

सुशीलकुमार गौतमसमेत मिली तयार गरेको, नैकाप पुरानो भञ्ज्याङ गाउँविकाससमितिको भिलेज प्रोफीलमा पनि यी ताम्रपत्रको चर्चा भएको रहेछ र तिनको फ्याक्सिमिलि पनि दिइएको रहेछ ।[१] त्यो पुस्तिका श्रीसुशीलकुमार गौतमको सौजन्यबाट वि.सं. २०६७ पौष २३ गते शुक्रवारको दिन हेर्न पाइयो ।

ई.सं. २०१२ जनवरी अर्थात् वि.सं. २०६८ पौष-माघको मिति दिइए पनि वि.सं. २०६९ आश्विन १४ गते आदित्यवार मात्र निस्केको, नेपाल र एशियाली अनुसन्धानकेन्द्रको पत्रिकाको एउटा अङ्कमा सुशील कुमार गौतमको नैकापभेगको

---

१. संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुलोचना के.सी. २०६७:१०, परिशिष्ट १-२ सङ्ख्या = ७९-८० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीनतासम्बन्धी एउटा लेखमा यी दुवै ताम्रपत्रका फ्याक्सिमिलि र पाठ छापिएको रहेछ र यिनको विषयवस्तुबारे पनि लेखिएको रहेछ । निस्किएकै दिन उहाँको सौजन्यले त्यो अङ्क हेर्न पाइयो ।

२. सबभन्दा पहिले यी दुवै ताम्रपत्रमा लागेको छापको कुरा गरूँ । नेवार राजाहरूका, ताडपत्रमा लेखिएका लिखतमध्ये पाइएसम्ममा तेस्रो[२] अर्थात् वि.सं. १४७७ यतादेखिकामा छाप लाएको देखिए पनि उनीहरूकै, ताम्रपत्रमा लेखिएका लिखतमा भने अठाह्रौँ शताब्दीको चारौँ दशाब्दीभन्दा अगाडिसम्मकामा छाप लाउने चलन थिएन[३] भन्ने धारणा ती ताम्रपत्रका फ्याक्सिमिलि देख्नुभन्दा अगाडिसम्म मेरो थियो । यसैले खुद प्रताप मल्लकै, यहाँ छापिन लागेको, पहिलो ताम्रपत्रभन्दा झण्डै ११ वर्ष २ महीनाअगाडिको ताम्रपत्र अहिलेभन्दा झण्डै साढे ५ वर्षअगाडि छाप्दा मैले यस्तो

> **पछिपछिका राजकीय ताम्रपत्रमा राजाको छाप लाउने चलन भए पनि पुराना पुराना ताम्रपत्रमा र खुद प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लका ताम्रपत्रमा जस्तै यस ताम्रपत्रमा पनि छाप लागेको छैन ।[४]**

लेखेको थिएँ ।

२.१. [काभ्रे जिल्ला तिमालको] कानपुर (मूलमा- कानपुलि) (उत्तर अक्षांश २७° ३२' र पूर्व देशान्तर ८५° ४१')मा बस्ने काशी जोशी (मैनालीहरूका पुर्खा)लाई प्रताप मल्लले १०० रोपनी जग्गा सङ्कल्प गरी दान दिँदा ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको दिन गरिदिएको ताम्रपत्रमा छाप नभएको कुरालाई पहिलेपहिलेका ताम्रपत्रमा छाप लाउने चलन नभएको कुराको उदाहरणको रूपमा देखाउन सकिन्छ ।[५] शिवरात्रिको उत्सवभर पशुपतिमा बाजा बजाउन, बढारकुँढार गर्न, पूजा गर्न र बत्ती बाल्न भनी प्रताप मल्लले ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशी शनिवार उत्तराषाढानक्षत्र सिद्धिउप्रान्त व्यतीपातयोग[६]मा ४२ रोपनी ४ आना खेत गूठी राख्दा गरिदिएको ताम्रपत्रमा पनि

---

२. नेवार राजाहरूको ताडपत्रमा लेखिएको पहिलो लिखत ने.सं. ४८५ (वि.सं. १४२२) आश्विनशुक्लनवमीको, अर्जुनदेवको हो ।① ने.सं. ५२७ (वि.सं. १४६४) चैत्रकृष्णचतुर्थीको, धर्म मल्लको लिखत छपाउँदा सुरेशज्योति शाक्य (२०६१:१२१)ले त्यसलाई **तम्सुक पत्र** भनेका छन् । अभिलेखको खोजी गर्नेहरूले ताडपत्रका लिखत जतिलाई **तमसुक** भन्ने गरेकाले यो लिखत पनि ताडपत्रकै जस्तो देखिन्छ । यो हो भने ताडपत्रको दोस्रो लिखत यो हुन्छ । तेस्रोचाहिँ ने.सं. ५४० (वि.सं. १४७७) वैशाखशुक्लपञ्चमीको, ज्योतिर् मल्लको हो② । पहिलोमा छाप लगाइएको छैन । दोस्रोको मूल वा फोटो मैले देखेको छैन । यस पत्रको बाह्य रूप इत्यादि विषयमा केही नलेखी यो पत्र छाप्नेले यसको पाठ ठाडै दिएकाले यसमा छाप लागेको छ कि छैन, थाहा भएन । तेस्रोमा चाहिँ छाप छ ।

३. यस विषयमा खुलाएर तल § २.१ = ४५२–४५३ पृष्ठमा लेखिएको छ ।

४. महेशराज पन्त २०६४:१०४ ।

५. यसको फ्याक्सिमिलिको लागि उही: ११५, ११६ र पाठको उही: १०५-१०६ हेर्नू ।

६. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ । गोविन्द टण्डन (२०५६: १६८)ले यसको पाठ दिँदा मूलमा **सुद्धि** भएकोमा सु(शु)द्धि भनी सच्याई उल्था गर्दा **शुद्धि** (१७०) लेखेका छन् । वास्तवमा **शुद्धियोग** होइन कि **सिद्धियोग** हो भनी भनिरहनु नपर्ला ।

---

① यस ताडपत्रको फ्याक्सिमिलिको लागि जीत बहादुर २०५०:१० = जीतबहादुर मानन्धर २०६०:५८ र पाठको लागि महेशराज पन्त २०५०:६८ हेर्नू ।

② यस ताडपत्रको फ्याक्सिमिलिको लागि यही अङ्कको ४७३ पृष्ठ र पाठको लागि महेशराज पन्त २०४५:१२ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छाप नभएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ[७] । प्रताप मल्ल र उनका काकाका छोरा, पाटने राजा श्रीनिवास मल्लको बीच ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्ण (पूर्णान्तमानले भाद्रकृष्ण)सप्तमी (भाद्र १० गते) मङ्गलवार कृत्तिकानक्षत्र ध्रुवयोगमा भएको, तामाको पातामा कुँदिएको सन्धिपत्रमा दुवै राजाको छाप नभएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[८] ने.सं. ७८२ (वि.सं. १७१९) चैत्रकृष्णपञ्चमी शनिवार जेष्ठानक्षत्र वरीयान्योग मेषसङ्क्रान्ति[९]मा दुमाजुलाई साढे २९ रोपनी[१०] खेत गूठी राखी प्रताप मल्लले गरिदिएको ताम्रपत्रमा पनि छाप नभएको कुरा बिर्सनु हुँदैन[११] ।

२.२. प्रताप मल्लका बाबुको पालाको कुरा गर्ने हो भने लक्ष्मीनरसिंह मल्लले चाँगुनारायणमा ९३ रोपनी २ कर्ष खेत गूठी राख्दा गरिदिएको, ने.सं. ७५१ (वि.सं. १६८८) वैशाखपूर्णिमाको;[१२] हनूमान्ढोका जगन्नाथदेवलको ढोकामा कीला ठोकी राखिएको, ने.सं. ७५३ (वि.सं. १६८९) मार्गकृष्णषष्ठीको;[१३] र त्रिपुरदास उफालाई ६६० मुरी खेत सङ्कल्प गरी दान दिँदा ने.सं. ७५७ (वि.सं. १६९४) ज्येष्ठकृष्णद्वादशीको दिन गरिदिएको ताम्रपत्रमा[१४] पनि छाप नभएको कुरा यहाँ भन्नुपर्छ ।

२.३. ललितपुर राज्यको कुरा गर्ने हो भने लक्ष्मीनरसिंह मल्लका भाइ, पाटनका राजा सिद्धिनरसिंह मल्लले बिसङ्खुका प्रयागदास ब्राह्मणलाई सङ्कल्प गरी ९० मुरी खेत दान दिँदा ने.सं. ७७१ (वि.सं. १७०८) आषाढशुक्लत्रयोदशीको दिन गरिदिएको ताम्रपत्र सम्झिन पुगिन्छ ।[१५] यसै गरी सिद्धिनरसिंह मल्लका छोरा श्रीनिवास मल्लले ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्लप्रतिपदाको दिन मूलचोकमा राखेको सुवर्णपत्र (तामाको पातोमा सुनको जलप लगाएको पातो)मा[१६]

---

७. यसको फ्याक्सिमिलिको लागि *पूर्णिमा*को यही अङ्कका ४७४-४७७ पृष्ठ र पाठको लागि गोविन्द टण्डन २०५६: परिशिष्ट-२८=१६८-१६९ हेर्नू ।

८. यसको फ्याक्सिमिलिको लागि यही अङ्कको ४७८ पृष्ठ र पाठको लागि दिनेशराज पन्त २०५०:१०७५-१०७७ हेर्नू । यसको तिथिमितिको गणना उही:१०७८ मा छ ।

९. यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

१०. यस ताम्रपत्रको संस्कृत खण्डमा गूठी राखेको जग्गाको परिमाण दिँदा **सार्द्धनवविंशतिद्रोपनीपरिमितक्षेत्र संप्रदर्त्त** (मूलको ९ पङ्क्ति) लेखिएको छ । कुन कुन ठाउँको कति कति जग्गा हो भन्ने बेहोरा खुलाउँदा यस्तो **स्थानस्य पूर्व्वदिसि प्रदेशे त्वारगारक्षेत्रनामसंज्ञकं जुगिचक्रगुथिकस्य क्षेत्रेन पश्चिमतो गंगारामक्षेत्रेन उत्तरतो तिलम्बकेन पूर्व्वतो गुथिकस्य क्षेत्रेन दक्षिणतो एतेखां मध्य पञ्चरोपनिकं क्षेत्राङ्कतोपि बु रो ५ चपरिगाम बु रो ४ तुप्या बु रो ५ ह्मोसपिको बु रो २ चुल २ तोखा बु रो ४ धर्म्माथरि बु रो ५ कुशपोर बु रो ४ थ्वते बुया वाससन हनेमाल** (मूलका १०-१२ पङ्क्ति) लेखिएको छ । यी जग्गाको परिमाण ५ + ४ + ५ + २.२ + ४ + ५ + ४ = २९ रोपनी २ चुल = २९½ हुने भयो । **साढे उनन्तीस** बुझाउन चलनचल्तीका **सार्द्धोनत्रिंशत्** वा **सार्द्धैनैकत्रिंशत्** जस्ता पद नलेखी यहाँ **सार्द्धनवविंशति** लेखिएकोले यस ताम्रपत्रका सम्पादकलाई भ्रम पर्न गयो र उनले यसको अर्थ **साढे उन्नाईस** (ऐश्वर्यधर शर्मा २०६४) भनी गरेका छन् ।

११. यसको फ्याक्सिमिलिको लागि ऐश्वर्यधर शर्मा २०६४:१५ र पाठको लागि उही: १२-१३ हेर्नू ।

१२. यसको फ्याक्सिमिलिको लागि मोहनप्रसाद खनाल २०४०: ९५ चित्रसंख्या र पाठको लागि उही: ११७ अभिलेखसंख्या = २८१ हेर्नू ।

१३. यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६९: ३७२-३७३ र पाठको लागि उही: ३६७-३६८ हेर्नू ।

१४. यसको फ्याक्सिमिलिको लागि उही २०६४:११४ र पाठको लागि उही २०४१:२५ हेर्नू ।

१५. यसको फ्याक्सिमिलि र पाठको लागि *रोलम्ब* २०३९ हेर्नू ।

१६. यसको फ्याक्सिमिलिको लागि यही अङ्कका ४७९-४८० पृष्ठ र पाठको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९:११-१२ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उनैले आफ्नो जन्मदिनको दिन ने.सं. ७९७ (वि.सं. १७३४) आश्विनकृष्णतृतीयामा प्रजापति शर्मा (लुभु सिस्नेरीका पौडेलहरूका पुर्खा)लाई ५० रोपनी खेत बिर्ता दिँदा गरिदिएको ताम्रपत्रमा[१७] छाप नभएको कुरा उल्लेखनीय छ ।

२.४. ने.सं. ७८८ (वि.सं. १७२५) ज्येष्ठकृष्णअष्टमी शुक्रवार शतभिषानक्षत्र विष्कम्भयोगको जगत्प्रकाश मल्लको[१८] र योगनरेन्द्र मल्लले जितामित्र मल्ललाई लेखिदिएको, भक्तपुर मूलचोकको ने.सं. ८१६ (वि.सं. १७५२) फाल्गुनशुक्लद्वादशीको ताम्रपत्रमा[१९] पनि छाप नभएको कुरा यहाँ भन्नुपर्छ ।

२.५. मैले थाहा पाएसम्म प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लदेखिका ताम्रपत्रमा मात्र छाप लगाउने गरिएको छ। खुलाएर भन्दा पार्थिवेन्द्र मल्लले हरि उभालाई ६० मुरी खेत बेच्दा[२०] ने.सं. ८०५ (वि.सं. १७४२) आषाढकृष्णपञ्चमीको दिन गरिदिएको ताम्रपत्रमा छाप लगाइएको छ[२१] । ललितपुरका राजा योगनरेन्द्र मल्लले भक्तपुरका राजा जितामित्र मल्ललाई लेखिदिएको, ने.सं. ८१६ (वि.सं. १७५२) फाल्गुनशुक्लद्वादशीको ताम्रपत्रमा छाप नभए पनि त्यसभन्दा २३ महीनापछिको, योगनरेन्द्र मल्लको, ने.सं. ८१८ (वि.सं. १७५४) माघपूर्णिमा आदित्यवार पुष्यनक्षत्र आयुष्मान्योग त्रेतायुगादिको दिन[२२] भक्तपुर तलेजुमा ३१ रोपनी खेत गूठी राखी भक्तपुर तलेजुचोकमा राखेको सुवर्णपत्रमा

---

१७. रुक्मनाथ पौडेल २०४२:१-२ मा पाठ छापिएको यस ताम्रपत्रको फ्याक्सिमिलि कतै छापिएको छैन, मूल ताम्रपत्र पनि मैले देखेको छैन । यस ताम्रपत्रको लम्बाइ चौडाइ, यसमा अक्षर कुँदिएको भागको लम्बाइ चौडाइ र यसमा प्रतिपङ्क्ति यति अक्षर छन् इत्यादि कुरा लेख्दा पनि यस ताम्रपत्रका सम्पादक (रुक्मनाथ पौडेल:१)ले छापको कुरै नउठाएकाले यसमा छाप लगाइएको छैन भन्ने मैले ठानेको छु ।

१८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९ क:२३-२४ ।①

१९. उही २०२०:१० ।②

२०. **एतेखां मध्य ध्वते चात्राघातन दूं ↘षुसि यिताथितान सहितनं ↘ नि खंडनं वा मोलि ६० ध्वते भाखा ↘ ततक्षत्रस्य यथादेशकालप्रवर्त्तमानसचाराघ्रेन सुवर्ण्णमूल्यमादाय स्वादिनावटुकं न्यायेन क्लयेन विक्रीयतं भवति प्रर्ति संकल्प याङ प्रसादाल्यं प्रसन्न जुया** (६-८ पङ्क्ति र किनाराको १ पङ्क्ति) भनी यस ताम्रपत्रमा लेखिएको छ । यसको भाव त्यति राम्ररी नबुझे पनि एउटै जग्गाको कुनै भाग बिक्री र कुनै भाग दान गरेर दिएको आभास पर्छ । पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्लको, ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्रमा यस्तो **खटत्रिशतिरोपविकं क्षत्राकयेपि बु रो ३६ भुय क्षरभुवाटिकानाम यथाचात्राघातमध्ये षष्ठीवाटिकाकेतोपि वल कर्ष ६० कर्ष २ घल्यालि कर्ष २ देहि मूल भूपालेन्द्रमल्ली टका १२०० दुकास्य बिज्याङाव बाकि लक्व बु देवघातस संकल्प याङ प्रसन्न जुया** (महेशराज पन्त २०६४ ख:२०४) लेखिएकोले एउटै जग्गाको कुनै भाग बिक्री र कुनै भाग दान गरेर दिने चलन भएको उदाहरण पाइएको छ । भूपालेन्द्र मल्लका छोरा भास्कर मल्लका उत्तराधिकारी राजा जगज्जय मल्लले पनि यस्तै गरी जग्गा दिएको २ वटा उदाहरण पाइएको छ (उही:§ ५ = १९३-१९४) ।

२१. महेशराज पन्त २०५५ ख: ५ सङ्ख्या = ३६ । नेपाल-जर्मनहस्तलिखितपरियोजनाको ई १२३०/१२ मा यसको माइक्रोफिल्म भएको छ । माइक्रोफिल्ममा छापको डोब देखिन्छ तापनि त्यति स्पष्ट नआएकोले यस ताम्रपत्रको फ्याक्सिमिलि यहाँ दिइएन ।

२२. यस सुवर्णपत्रमा मिति दिँदा **संम्वत् ८१८ माघमासे शुक्लपक्षे पूर्ण्णमाश्यां तिथौ ।। पुष्यनक्षेते, आयुष्मानयोगे, यथाकर्ण्णमुहूर्त्तके,**

---

① वि.सं. २०६७।१०।२२।७ मा मैले र कुमार रञ्जितले यो ताम्रपत्र हेरेका हौँ ।

② वि.सं. २०६७।१०।८।७ मा मैले र कुमार रञ्जितले यो र २३, २५, ३१-३२ सङ्ख्याको टिप्पणीमा चर्चा गरिएका ताम्रपत्र हेरेका हौँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आदित्यवासरे, मकरराशिगते सवितरि, कर्क्कटराशिगते चन्द्रमसि त्रेतायुगादिमहापर्व्वणि अस्मिन्दिने (मूलका ३-४ पङ्क्ति) भनी लेखिएकोले माघपूर्णिमाको दिन त्रेतायुगादि पर्ने यताबाट देखिन गएको छ। तर वैशाखशुक्लतृतीया अर्थात् अक्षयतृतीयाको दिन त्रेतायुग शुरू भएको भन्ने धारणा छ र त्यो दिन त्रेतायुगादि भन्ने नाउँले पनि चिनिन्छ। यो कुरा हाम्रै पात्रा पल्टाए पनि थाहा हुन्छ (उदाहरणको लागि मुरारिराज पाण्डेय २०६७:२३ हेर्नू)। वैशाखशुक्लतृतीयाको दिन त्रेतायुगादि लाग्ने कुराको समर्थन *अग्निपुराण* (२०९।१४-१५)बाट हुन्छ–

नवम्यां शुक्लपक्षस्य कार्तिके निरगात् कृतम्।
त्रेता सिततृतीयायां वैशाखे द्वापरं युगम् ॥
दर्शे वै माघमासस्य त्रयोदश्यां नभस्यके।
कृष्णे कलिं विजानीयात् [...]

विष्णुपुराण (३।१४।१२-१३)मा भने युगादिको अर्कै परम्परा छ–

वैशाखमासस्य च या तृतीया नवम्यसौ कार्तिकशुक्लपक्षे।
नभस्यमासस्य च कृष्णपक्षे त्रयोदशी पञ्चदशी च माघे ॥
एता युगाद्याः कथिताः पुराणेष्वनन्तपुण्यास्तिथयश्चतस्रः।

यस लेखाइबाट त्रेतायुगादि होइन कि सत्ययुगादि वैशाखशुक्लतृतीयामा पर्ने देखिन्छ।

वैशाखशुक्लतृतीयामा सत्ययुगादि मान्ने चलन *भविष्योत्तर*बाट निबन्धग्रन्थहरूमा उद्धृत अंशबाट बुझिन्छ–

वैशाखस्य सितामेकां तृतीयामक्षयां शृणु ॥
तस्यां स्नानं जपो होमः स्वाध्यायः पितृतर्पणम्।
दानं च क्रियते तस्यां तत् सर्वं स्यादिहाक्षयम् ॥
आदिः कृतयुगस्येयं युगादिस्तेन कथ्यते।

(*चतुर्वर्गचिन्तामणि* व्रतखण्ड ७ अध्याय अक्षयतृतीयाव्रत, *व्रतराज* तृतीयव्रतानि)

वैशाखशुक्लतृतीयामा सत्ययुगादि मान्ने चलन *ब्रह्मपुराण*बाट *कृत्यमहार्णव* (वैशाखकृत्यप्रकरण)मा उद्धृत अंशबाट बुझिन्छ–

वैशाखे मासि शुक्लायां तृतीयायां जनार्दनः।
यवानुत्पादयामास युगं चारब्धवान् कृतम् ॥

धर्मसिन्धु (२ परिच्छेद, वैशाखमासप्रकरण)मा पनि यही परम्परा छ–

वैशाखशुक्लतृतीयायां गङ्गास्नानं यवहोमो यवदानं यवाशनं च सर्वपापापहम् [....] इयमक्षय्यतृतीयासंज्ञिका [...] इयं कृतयुगस्यादिः

बौद्ध *दानगाथा* (२८-३०)मा युगादिको अर्कै परम्परा छ–

कृतं श्रावणपूर्वाह्णे कृष्णपक्षत्रयोदशी।
माघे पूर्णेपि मध्याह्ने त्रेतानाम युगोदयः ॥
वैशाखशुक्लसन्ध्यायां द्वापरश्च तृतीयकः।
कार्तिकशुक्लनवम्यां अर्धरात्रौ कलिर्युगः ॥
एते युगोदये दानं [...][1]

---

① अमोघवज्र वज्राचार्य २०२३:१४ मा छापिएका श्लोकमा सामान्य संशोधन गरी माथि श्लोक दिइएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भने छाप छ[२३] । ललितपुरका राजा योगनरेन्द्र मल्ल, काठमाडौँका राजा भूपालेन्द्र मल्ल र भक्तपुरका राजा भूपतीन्द्र मल्ल मिली पाटन मूलचोकमा राखेको, तिथिमिति नदिई साल मात्र दिइएको, ने.सं. ८१८ (वि.सं १७५४/५५)को[२४] र योगनरेन्द्र

यहाँ द्वापरयुगादिको विषयमा लेख्दा **वैशाखशुक्ल** मात्र भनी तिथि नदिए पनि यही परम्पराको युगादिसम्बन्धी अर्को वचनमा यस्तो

वैशाखशुक्लतृतीयायां सन्ध्यायां द्वापरो युगः ।[②]

लेखिएकोले यस परम्पराअनुसार त्रेतायुगादि होइन कि द्वापरयुगादि वैशाखशुक्लतृतीयामा पर्ने देखिन्छ ।

द्वापरयुगादि वैशाखशुक्लतृतीयामा पर्ने कुरा *नारदीय*बाट *निर्णयामृत*मा उद्धृत भनी खड्गपाणि अर्ज्यालले आफ्नो *कृत्यवाटिका* (वैशाखशुक्लतृतीयापुष्प)मा उद्धरण गरेको अंशमा पनि छ–

तदुक्तं निर्णयामृते नारदीये– [...]

माघे पञ्चदशी कृष्णा नभस्ये च त्रयोदशी ।
तृतीया माधवे शुक्ला नवम्यूर्जे युगादयः ।।

*अग्निपुराण*का माथि उद्धृत श्लोकबाट माघे औँसीको दिन **द्वापरयुगादि** पर्ने कुरा बुझिन्छ ।[③] हाम्रा पात्रामा फाल्गुनअमावास्याको दिन **द्वापरयुगादि** लेखिएकोले (उदाहरणको लागि मुरारिराज पाण्डेय २०६७:४२) *अग्निपुराण*को **माघे औँसी** अमान्तमानअनुसारको देखिन गएको छ । *विष्णुपुराण*बाट माघपूर्णिमामा **कलियुगादि** पर्ने बुझिन्छ त *दानगाथा*मा भने त्यही पूर्णिमामा **त्रेतायुगादि** पर्ने लेखिएको छ ।

पाण्डुरङ्ग वामन काणे(२०३०:३७४ मा ८४१ सङ्ख्याको टिप्पणी)ले *स्मृत्यर्थसार*बाट गरेको एउटा उद्धरणमा यस्तो लेखिएको छ–

शुक्लतृतीया वैशाखे प्रेतपक्षे त्रयोदशी
कार्तिके नवमी शुक्ला माघे दर्शश्च पूर्णिमा
एता युगादयः प्रोक्ता दत्तस्याक्षयकारकाः ।।

यो लेखाइ ठाउँठाउँमा त्यति स्पष्ट छैन र पाण्डुरङ्ग वामन काणेले पनि यसको व्याख्या गरेका छैनन् । यसो भए पनि मैले बुझेसम्म यस लेखअनुसार माघमा औँसीमा र पूर्णिमामा गरी २ पटक युगादि पर्ने देखिन्छ ।

बौद्ध परम्परामा र यस ताम्रपत्रमा माघपूर्णिमालाई **त्रेतायुगादि** मानेकोले पाण्डुरङ्ग वामन काणेको धर्मशास्त्रको इतिहासमा नचढेको, युगादिको अर्को परम्परा देखिन गएको छ । यस विषयमा धर्मशास्त्रका ऐतिहासिकहरूको दृष्टि जानु आवश्यक छ ।

२३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९ क:२९-३० ।[④]

यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

२४. यसको फ्याक्सिमिलिको लागि यही अङ्कको ४८१ पृष्ठ र पाठको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:५ सङ्ख्या = २२-२४ हेर्नू ।

---

② उही: गमा छापिएको श्लोकमा सामान्य संशोधन गरी माथि श्लोक दिइएको छ ।

③ मूलमा **दर्शे वै माघमासस्य** हुँदा हुँदै *अग्निपुराण*को नेपाली उल्था (तिलकप्रसाद लुइटेल २०६७: ४४४)मा माघ महीनाको पूर्णिमामा द्वापरयुगको उत्पत्ति भएको हो भनी लेखिएको छ ।

④ यस प्रसङ्गमा यहाँ टिप्पणीहरूमा जहाँ जहाँ फ्याक्सिमिलिको चर्चा गरिएको छैन, त्यहाँ त्यहाँ तत्तद्ग्रन्थ वा लेखमा खालि पाठ मात्र छापी ताम्रपत्रको भौतिक बयान मात्र गरिएको छ भनी बुझ्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लले भूपतीन्द्र मल्ललाई ने.सं. ८२२ (वि.सं १७५८) मार्गकृष्णनवमीको दिन लेखिदिएको[२५] ताम्रपत्रमा योगनरेन्द्र मल्लको छाप लगाइएको छ । त्यसै गरी योगनरेन्द्र मल्लले फर्पिङ शिखरनारायणको जात्राको विषयमा गरिदिएको, ने.सं. ८२९ (वि.सं. १७६६) आषाढकृष्णएकादशीको दिन गरिदिएको ताम्रपत्रमा पनि छाप छ ।[२६]

२.६. यसै गरी पार्थिवेन्द्र मल्लका छोरा भूपालेन्द्र मल्ल,[२७] उनका छोरा भास्कर मल्ल[२८], उनका उत्तराधिकारी जगज्जय

---

२५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०२०:११ मा पहिलोपटक छापिएको यस ताम्रपत्रमा योगनरेन्द्र मल्लको छाप छ ।

२६. यसको फ्याक्सिमिलिको लागि उद्धव आचार्य २०४३-४४:३ फलक र पाठको लागि उही: ५ परिशिष्ट = २३-२४ हेर्नू ।

२७. १. ने.सं. ८१८ (वि.सं. १७५४) पौषपूर्णिमाको (महेशराज पन्त २०५५ ख:६ सङ्ख्या = ३७) ।
   २. ने.सं. ८१८ (वि.सं. १७५५) श्रावणपूर्णिमाको (उही:७ सङ्ख्या = ३७-३८) ।
   ३. ने.सं. ८१८ (वि.सं. १७५५) श्रावणपूर्णिमाको (उही २०५५ च:१ सङ्ख्या = ३८) ।
   ४. ने.सं. ८१९ (वि.सं. १७५५) कार्तिककृष्णदशमीको (यसको फ्याक्सिमिलिको लागि उही २०६९ क: ३८३ र पाठको लागि उही: १ सङ्ख्या = ३७९ हेर्नू) ।[①]
   ५. ने.सं. ८२० (वि.सं. १७५७) चैत्रपूर्णिमाको (यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६९ क:३८५ र पाठको लागि गोविन्द टण्डन २०५६:२१४ हेर्नू) ।[①]
   ६. ने.सं. ८२० (वि.सं. १७५७) चैत्रपूर्णिमाको (महेशराज पन्त २०६४ ख:२०४) ।

२८. १. ने.सं. ८३४ (वि.सं. १७७०) चैत्रशुक्लचतुर्थीको (यसको फ्याक्सिमिलिको लागि यही अङ्कको ४८२ पृष्ठ र पाठको लागि गोविन्द टण्डन २०५६: अभिलेख खण्ड (क) को ६२ परिशिष्ट = २२२ हेर्नू)।
   २. ने.सं. ८३४ (वि.सं. १७७१) आषाढकृष्णअष्टमीको (धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३२:१५ सङ्ख्याको अभिलेख = ऐतिहासिक सामग्री १५) ।[②]
   ३. ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको (यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६४ क:१५३ र पाठको लागि देवीप्रसाद भण्डारी २०५८:३८-३९ हेर्नू) ।
   ४. ने.सं. ८३५ (वि.सं. १७७१) फाल्गुनपूर्णिमाको (यसको फ्याक्सिमिलिको लागि मोहनप्रसाद खनाल २०२६ फलक नं. १ ख र पाठको लागि उही: ५०-५१ हेर्नू) ।
   ५. ने.सं. ८३७ (वि.सं. १७७३) माघशुक्लद्वादशीको (शङ्करमान राजवंशी २०२१:५५) ।
   ६. ने.सं. ८३७ (वि.सं. १७७३) माघकृष्णचतुर्दशीको (मोहनप्रसाद खनाल २०२८:२५ सङ्ख्या = ४८-४९) ।
   ७. ने.सं. ८३९ (वि.सं. १७७६) भाद्रशुक्लपञ्चमीको[③] (महेशराज पन्त २०५५ ग:४५) ।
   ८. ने.सं. ८४० (वि.सं. १७७७) आश्विनशुक्लतृतीयाको (मोहनप्रसाद खनाल २०२९:१० सङ्ख्या = ३५-३६) ।
   ९. ने.सं. ८४१ (वि.सं. १७७७) माघअमावास्याको (उही २०२८: २७ सङ्ख्या = ५२-५३) ।[④]

---

① यस ताम्रपत्रमा राजाको होइन कि उनका उत्तराधिकारी छोरा भास्कर मल्लको छाप छ ।

② यस ताम्रपत्रमा पाटनका राजा महीन्द्र मल्लको पनि छाप छ ।

③ भास्कर मल्लको महीन्द्र सिंह भन्ने नाउँबाट जारी गरिएको यस ताम्रपत्रमा राजाको होइन कि उनका उत्तराधिकारी जगज्जय मल्लको छाप छ ।

④ यस ताम्रपत्रमा राजाको होइन कि उनका उत्तराधिकारी छोरा भास्कर मल्लको छाप छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्ल[२९] र उनका छोरा जयप्रकाश मल्ल[३०]का ताम्रपत्रमा एकनासले छाप लगाइएको छ[३१] ।

---

२९. १. ने.सं. ८४३ (वि.सं. १७८०) चैत्रकृष्णप्रतिपदाको (यसको फ्याक्सिमिलि र पाठको लागि महेशराज पन्त २०३६/३७:३१ हेर्नू) ।[५]

२. ने.सं. ८४७ (वि.सं. १७८३) चैत्रकृष्णअष्टमीको (यसको फ्याक्सिमिलि र पाठको लागि उही:३२ हेर्नू) ।[६]

३. ने.सं. ८४७ (वि.सं. १७८४) ज्येष्ठकृष्णपञ्चमीको (मोहनप्रसाद खनाल २०२८:२८ सङ्ख्या ५४-५५) ।

४. ने.सं. ८४८ (वि.सं. १७८५) आश्विनशुक्लपञ्चमीको (उही:२९ सङ्ख्या = ५६-५७) ।

५. ने.सं. ८४९ (वि.सं. १७८६) आषाढशुक्लएकादशीको (यसको फ्याक्सिमिलिको लागि उही २०४०:११२ चित्रसंख्या र पाठको लागि लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ हेर्नू) ।

६. ने.सं. ८४९ (वि.सं. १७८६) आश्विनशुक्लतृतीयाको (महेशराज पन्त २०५५ ख:८ सङ्ख्या = ३८-३९) ।

७. ने.सं. ८५० (वि.सं. १७८६) मार्गशुक्लसप्तमीको (यसको फ्याक्सिमिलिको लागि ग्राहम क्लार्क र ठाकुरलाल मानन्धर २०४४/४५:११२ र पाठको लागि उही: ११३ हेर्नू)[७] ।

८. ने.सं. ८५२ (वि.सं. १७८८) फाल्गुनकृष्णएकादशीको (दिनेशराज पन्त २०५३:३७) ।

९. ने.सं. ८५४ (वि.सं. १७९०) फाल्गुनअमावास्याको (यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६४:११७ र पाठको लागि उही २०५७ क:२ सङ्ख्या = ६१ हेर्नू) ।

१०. ने.सं. ८५६ (वि.सं. १७९२) कार्तिककृष्णद्वादशीको (उही २०५५ क) ।

३०. १. ने.सं. ८५७ (वि.सं. १७९३) चैत्रशुक्लचतुर्थीको (मोहनप्रसाद खनाल २०२८:३३ सङ्ख्या = ६२-६४) ।

२. ने.सं. ८५७ (वि.सं. १७९४) चैत्रकृष्णत्रयोदशीको (महेशराज पन्त २०५५ ख:९ सङ्ख्या = ३९) ।

३. ने.सं. ८५७ (वि.सं. १७९४) चैत्रकृष्णत्रयोदशीको (उही:१० सङ्ख्या = ३९-४०) ।

४. ने.सं. ८५९ (वि.सं. १७९६) श्रावणशुक्लत्रयोदशीको (गोविन्द टण्डन २०५६: परिशिष्ट ७९ = २४९-२५०) ।[८]

५. ने.सं. ८६१ (वि.सं. १७९७) मार्गशुक्लनवमीको (यसको फ्याक्सिमिलिको लागि *मजदुर*[९]* २०६८, अन्नपूर्ण समाचारदाता २०६८ र पाठको लागि *मजदुर** २०६८ र पुरुषोत्तमलोचन श्रेष्ठ २०६८ हेर्नू) ।

६. ने.सं. ८६१ (वि.सं. १७९८) ज्येष्ठशुक्लत्रयोदशीको (मोहनप्रसाद खनाल २०३०:४०-४१) ।

७. ने.सं. ८६२ (वि.सं. १७९८) मार्गशुक्लदशमीको (यसको फ्याक्सिमिलिको लागि फुल्जेन्तिउस भान्निनि २०३३:५६-५७ पृष्ठको बीचको फ्याक्सिमिलि हेर्नू) ।[१०]

८. ने.सं. ८६३ (वि.सं. १७९९) मार्गशुक्लनवमीको (महेशराज पन्त २०५५ ख:११ सङ्ख्या = ४०-४१) ।

---

⑤ यो ताम्रपत्र पूर्णरत्न वज्राचार्य (२०४१:१४५-१४६)ले र सिद्धिरत्न शाक्यभिक्षु (२०६६:५५-५६)ले फेरि छपाएका छन्, दुवैले पूर्वसूरिको चर्चा गरेका छैनन् ।

⑥ यो ताम्रपत्र सिद्धिरत्न शाक्यभिक्षु (२०६६:५६-५७) फेरि छपाएका छन् ।

⑦ २२ वर्षअघि छापिएको यस ताम्रपत्रलाई अप्रकाशित भनी सिद्धिरत्न शाक्यभिक्षु (२०६६:५३-५४)ले फेरि छपाएका छन् ।

⑧ यस ताम्रपत्रको माइक्रोफिल्मको रील नं. नटिपिएकोले यसको माइक्रोफिल्म भेट्टाउन सकिएन । यसैले यसको फ्याक्सिमिलि दिन सकिएन ।

⑨ यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

⑩ ई.सं. १९५३ (वि.सं. २००९/१०) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछ्याह्रो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* (भोटमा र नेपालमा धर्मप्रचार गर्ने इटालियनहरू) ४ भागको सम्बद्ध अंश आफूसँग नभएकोले यसको आधारमा लेखिएको ग्रन्थबाट उद्धरण गरी चित्त बुझाउनुपरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.७. काठमाडौँका राजा भास्कर मल्लले भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई ने.सं. ८२३ (वि.सं. १७६०) श्रावणशुक्लद्वितीयाको दिन लेखिदिएको ताम्रपत्रमा छाप छ।[३२]

२.८. काठमाडौँ र ललितपुरका राजाका भन्दा भक्तपुरका राजाका ताम्रपत्रमा छाप लाउने चलन ढीलो चलेको देखिन्छ। यसको उदाहरणको लागि रणजित् मल्लका कलिगत वर्ष ४८३३ वि.सं. १७७९ शाके १६४४ ने.सं. ८४२ श्रावणकृष्णसप्तमीउप्रान्त अष्टमी कृष्णाष्टमीं बुधवार रोहिणीनक्षत्र हर्षणयोग,[३३] ने.सं. ८४३ (वि.सं. १७८०) चैत्रशुक्लचतुर्थीउप्रान्त पञ्चमी शुक्रवार रोहिणीनक्षत्र सौभाग्ययोग,[३४] शाके १६४८, वि.सं. १७८३, कलिगताब्द ४८२७,

---

९. ने.सं. ८६३ (वि.सं. १७९९) मार्गशुक्लनवमीको (उही २०५५ च:३ सङ्ख्या = ३९)।

१०. ने.सं. ८६३ (वि.सं. १७९९) मार्गपूर्णिमाको (उही २०५६:४ सङ्ख्या = ५४-५५)।

११. ने.सं. ८६५ (वि.सं. १८०१) कार्तिकशुक्लअष्टमीको (उही २०५५ ख:१२ सङ्ख्या = ४१-४२)।

१२. ने.सं. ८६५ (वि.सं. १८०२) ज्येष्ठकृष्णपञ्चमीको (मोहनप्रसाद खनाल २०२८:३४ सङ्ख्या = ६४-६६)।

१३. ने.सं. ८७१ (वि.सं. १८०८) श्रावणशुक्लअष्टमीको (यसको फ्याक्सिमिलिको लागि महेशराज पन्त २०६९ क: ३८४ र पाठको लागि उही: ३८१–३८२ पृष्ठ हेर्नू)।

१४. ने.सं. ८७७ (वि.सं. १८१३) मार्गकृष्णअष्टमीको (उही २०५५ घ)।

१५. ने.सं. ८७७ (वि.सं. १८१३) मार्गकृष्णअष्टमीको (उही २०५६ क)।

१६. ने.सं. ८७८ (वि.सं. १८१४) चैत्रशुक्लप्रतिपदाको (उही २०५५ ख:१३ सङ्ख्या = ४२-४३)।

१७. ने.सं. ८८० (वि.सं. १८१७) श्रावणशुक्लचतुर्थीको (उही:१५ सङ्ख्या = ४४)।

१८. ने.सं. ८८१ (वि.सं. १८१७) माघपूर्णिमाको (यसको फ्याक्सिमिलिको लागि यही अङ्कको ४८४ पृष्ठ र पाठको लागि धनवज्र वज्राचार्य २०१९:परिशिष्ट ग = २६५ हेर्नू)।

१९. ने.सं. ८८३ (वि.सं. १८२०) भाद्रपूर्णिमा बृहस्पतिवार उत्तरभाद्रनक्षत्र वृद्धियोगको[①] (महेशराज पन्त २०५५ ङ)।

३१. प्रताप मल्लभन्दा पछिका ताम्रपत्रमा पनि लेनदेनको कुरा नपरी धर्मकर्मको कुरा पर्दा कुनै कुनैमा भने छाप नलगाएको देखिएको छ। पार्थिवेन्द्र मल्ल र उनकी रानी राज्यलक्ष्मीले चाँगुनारायणमा ७२ रोपनी खेत गूठी राखी गरिदिएको ने.सं. ८०६ (वि.सं. १७४२) मार्गपूर्णिमाको (शङ्करमान राजवंशी २०२८ क: १७-१८) र हरसिद्धिमन्दिरको, प्रताप मल्लले बनाएको सुनको छाना बिग्रँदा त्यसको जीर्णोद्धार गरी जगज्जय मल्लले ने.सं. ८४७ (वि.सं. १७८४) चैत्रकृष्णएकादशीको (यसको फ्याक्सिमिलिको लागि छत्रबहादुर कायस्थ २०५५: अघिल्लो जिल्द र पाठको लागि उही: ३३-३४ हेर्नू) ताम्रपत्रमा छाप नभएको कुरालाई यसका उदाहरणको रूपमा देखाउन सकिन्छ।

३२. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०२०:१२-१३ मा पहिलोपटक छापिएको यस ताम्रपत्रमा लगाइएको छाप कसको हो भन्ने कुरा त्यो छाप खिइएकोले भन्न सकिन्न तापनि यो ताम्रपत्र भास्कर मल्लले लेखिदिएको हुनाले त्यो छाप उनकै हुनपर्छ।

३३. डिल्लीरमण रेग्मी २०२३:१२७ सङ्ख्या = २६९-२७१ मा छापिएको यस ताम्रपत्रमा रणजित् मल्लको छाप छ। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

३४. उही:१२९ सङ्ख्या = २७४-२७६ मा छापिएको यस ताम्रपत्रमा रणजित् मल्लको छाप छ। यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

---

① यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८४६ आषाढशुक्लएकादशीउप्रान्त द्वादशी बुधवार अनुराधानक्षत्र शुक्लयोग,[३५] ने.सं. ८८२ (वि.सं. १८१९) आश्विनशुक्लदशमी,[३६] ने.सं. ८८९ शाके १६९१ वि.सं. १८२६ कलि ४८७० मार्गशुक्लचतुर्थी[३७]का ताम्रपत्र अघि सार्न सकिन्छ ।

२.९. ललितपुरका राजा राज्यप्रकाश मल्लको ने.सं. ८७० (वि.सं. १८०६) फाल्गुनशुक्लदशमीको[३८] र ने.सं. ८७४ (वि.सं. १८११) चैत्रकृष्णषष्ठीको[३९] ताम्रपत्रमा छाप लागेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

३. प्रताप मल्लका ३ वटै ताम्रपत्रमा अर्थात् ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको, ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशीको र ने.सं. ७८२ (वि.सं. १७१९) चैत्रकृष्णपञ्चमीकोमा र प्रताप मल्ल र श्रीनिवास मल्लको ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्णसप्तमीको संयुक्त ताम्रपत्रमा पनि छाप नलागेकोमा प्रताप मल्लका हालै प्रकाशमा आएका ने.सं. ७७३ (वि.सं. १७०९) माघपूर्णिमाको र ने.सं. ७८१ (वि.सं. १७१७) कार्तिकपूर्णिमाको ताम्रपत्रमा भने छाप लागेको देखिएको छ । अर्को शब्दमा भन्दा प्रताप मल्ल एक्लैका ५ वटा र संयुक्त एउटा गरी भेट्टाइएसम्मका ६ वटा ताम्रपत्रमध्ये तेस्रो र पछिल्लोमा छोडेर बाँकी ४ वटामा भने छाप लागेको छैन । एउटै मान्छेलाई गरिदिएका दुवै ताम्रपत्रमा मात्र किन छाप लगाइयो, त्यसको जवाफ मसँग छैन ।

४. प्रताप मल्लले [धादिङको][४०] [छत्रे]देउराली (मूलमा- **देवदालि गाम**) (उत्तर अक्षांश २७° ४५' र पूर्व देशान्तर ८५° १४')मा बस्ने ब्राह्मण गङ्गा जोशीलाई **सिंद्व र ह्वसकनद्व** भन्ने ठाउँको तल **यौखादोल**[४१] भन्ने ४०० मुरी खेत सङ्कल्पपूर्वक दान गरी दिएको कुरा अहिले छापिन लागेको, पहिलो अर्थात् ने.सं. ७७३ (वि.सं. १७०९) माघपूर्णिमाको

---

३५. महेशराज पन्त २०३७:२३-२५ । यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म गरिदिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

३६. यो ताम्रपत्र उनी ललितपुरका राजा भएको वेलाको हो । यसको फ्याक्सिमिलिको लागि यही अङ्कका ४८५-४८६ पृष्ठ र पाठको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:१३ सङ्ख्या = ७२-७३ पृष्ठ हेर्नू ।

३७. **यहाँ कलिगत, विक्रम, शकसंवत्हरू पनि नेपालीसंवत् जस्तै कार्तिकादि छन्** (रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०२०:१५ मा दोस्रो टिप्पणी) । भक्तपुरका अभिलेखमा पाइने कार्तिकादि कलिगताब्द, वि.सं. र शाकेको लागि महेशराज पन्त (२०६०:५६-५७ हेर्नू) । यस ताम्रपत्रको फ्याक्सिमिलिको लागि तल ४८७ पृष्ठ र पाठको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१६-१७ पृष्ठ हेर्नू ।

३८. यसको फ्याक्सिमिलिको लागि यही अङ्कको ४८३ पृष्ठ र पाठको लागि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:६७ हेर्नू ।

३९. यसको फ्याक्सिमिलिको लागि फुल्जेन्तिउस भान्निनि २०३३: ५९-६० पृष्ठको बीचको फ्याक्सिमिलि हेर्नू ।

४०. नुवाकोट जिल्लामा (टपुअग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५:२६२) र धादिङ जिल्लामा (उही:३०४) गरी २ ठाउँमा देउराली देखिएकोमा संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुलोचना के.सी. (२०६७: १०)अनुसार गोतामेहरू धादिङको छत्रेदेउरालीबाट बसाइँ सरेका हुन् ।

४१. **स्युचायर वडा नं. ८-७ सम्म फैलिएको फाँटलाई हाल 'डोलखेत' भन्ने गरिन्छ** (सुशील कुमार गौतम २०६८: १०) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताम्रपत्रमा छ। दान दिएको खेतको चारकिल्ला खुलाउने क्रममा **नखिकापभूमेन ॱ प्रपातसिमाया ॱ दक्षिणतो** अर्थात् **नखिकापको जग्गादेखि र भीरको सिमानादेखि दक्षिणपट्टि** भनी त्यस ताम्रपत्रमा लेखिएकोले दान दिएको जग्गा नखिकाप अर्थात् नैकाप (उत्तर अक्षांश २७° ४१' र पूर्व देशान्तर ८५° १६') सँगैको देखिन्छ। देउराली गाउँमा बस्ने, तिनै गङ्गा जोशीलाई आफूले ठीक ७ वर्ष ९ महीनाअघि दान गरी दिएको **सिंद्व** र **ह्रसकनद्व** भन्ने ठाउँको खेतको सट्टा किम्सी (मूलमा- **किमसि**)(उत्तर अक्षांश २७° ४२' र पूर्व देशान्तर ८५° १६')भन्दा पश्चिमपट्टि ४०० मुरी खेत सट्टाभर्ना (**पादशि**)[४२] दिएको कुरा दोस्रो अर्थात् ने.सं. ७८१ (वि.सं. १७१७) कार्तिकपूर्णिमाको ताम्रपत्रमा छ।

५. आफूले ७ वर्ष ९ महीनाअगाडि दान गरी दिएको, नैकापतिरको ४०० मुरी खेत लिई प्रताप मल्लले त्यसको सट्टा त्यहीँ नजीकै किम्सीतिरको, त्यति नै खेत सट्टाभर्ना दिएको कुरा यी २ ताम्रपत्रबाट बुझिन्छ। अघि डिही दिएकोमा पछि सट्टाभर्ना दिँदा घडेरी दिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

पहिले दान गरी दिएको खेत नैकापआसपासको भएकोमा त्यो फिर्ता लिई सट्टाभर्ना दिएको खेतचाहिँ किम्सीनजीक रहेको यताबाट देखिएको छ।

६. अघिल्लो ताम्रपत्रमा प्रताप मल्लको नाउँ यसरी **श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकुलसन** दिइएको छ। ने.सं ७८६ (वि.सं. १७२२) फाल्गुनशुक्लद्वितीया,[४३] ने.सं. ७९२ (वि.सं. १७२८) पौषकृष्णषष्ठी आदित्यवार उत्तरभाद्रनक्षत्र शोभनयोग[४४] र साल महीना पक्ष र नक्षत्रको नाउँ नष्ट भएको द्वितीया तिथिको[४५] शिलालेखमा ठ्याक्क पहिलो ताम्रपत्रमा भएको जस्तै विरुद छ। उनको खास नाउँको अगाडि जय र थरपछाडि **देव प्रभु ठाकुल** त अरू अरू मल्ल राजाहरूका नाउँमा पनि जोडिने हुनाले यस विषयमा केही लेख्नुपरेन, उनको विरुदमा भएका विशेष पदवीको विषयमा अब केही लेखिन्छ।

६.१. प्रताप मल्लको यस विरुदमा परेका विशेष पदवीको विषयमा भिन्नाभिन्नै लेख्ने हो भने **राजराजेन्द्र** यो पदवी पहिलोपटक ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णनवमी बुधवारको दुनियाँदारले राखेको शिलालेखमा,[४६] दोस्रोपटक ने.सं. ७६६ (वि.सं. १७०२) माघकृष्णचतुर्दशीको त्यस्तै शिलालेखमा[४७] र यसपछि यही ताम्रपत्रमा आएको छ।

६.२. **कवीन्द्र** यो पदवी पहिलोपटक ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णनवमी बुधवारको दुनियाँदारले राखेको शिलालेखमा,[४८] दोस्रोपटक ने.सं. ७६६ (वि.सं. १७०२) माघकृष्णचतुर्दशीको त्यस्तै शिलालेखमा,[४९] तेस्रो चौथो र पाँचौँपटक प्रताप मल्लका आफ्नै शिलापत्रमा क्रमशः ने.सं. ७७० (वि.सं. १७०६) माघपूर्णिमा बुधवार मघानक्षत्रको,[५०]

४२. सट्टाभर्ना भन्न यहाँ पादशि लेखिएको छ। पादशि र यसका रूपभेदबारे महेशराज पन्त छापिन बाँकीमा लेखिएको छ। एउटा अर्को लिखतमा पादशि आएको विषयमा महेशराज पन्त २०६७:४२ हेर्नू।

४३. रूक्मिणी* वन्त प्रधान २०४२:११० ।

४४. शङ्करमान राजवंशी २०२७:१४० अभिलेखसंख्या = १०३ ।

४५. उही:१५० अभिलेखसंख्या = १०८ ।

४६. उही:९१ अभिलेखसंख्या = ६६ ।

४७. उही:९४ अभिलेखसंख्या = ६९ ।

४८. उही:९१ अभिलेखसङ्ख्या = ६६ ।

४९. उही:९४ अभिलेखसंख्या = ६९ ।

५०. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८:पशुपति वासुकिस्थानको अभिलेखमा मूलको २९ पङ्क्ति = ८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७७० (वि.सं. १७०७) श्रावणशुक्लप्रतिपदा शुक्रवार अश्लेषानक्षत्र व्यतीपातयोग[५१] र ने.सं. ७७१ (वि.सं. १७०७) फाल्गुनशुक्लतृतीयाको[५२] शिलापत्रमा आएको छ । यसपछि मात्र यो पदवी यस ताम्रपत्रमा आएको छ ।

७. पछिल्लो ताम्रपत्रमा चाहिँ प्रताप मल्लको नाउँ यसरी **शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग ˎ महाराजाधिराज ˎ श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव ˎ परमभट्टारक ˎ प्रभु ठाकुलसन** दिइएको छ । ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लअष्टमी,[५३] ने.सं. ७८० (वि.सं. १७१६) फाल्गुनकृष्णनवमी,[५४] ने.सं. ७८१ (वि.सं. १७८१) श्रावणशुक्लदशमी[५५] र ने.सं. ७८२ (वि.सं. १७८२) आषाढशुक्लप्रतिपदा[५६]का ताडपत्रमा पनि दोस्रो ताम्रपत्रमा भएको जस्तै विरुद छ ।

७.१. **शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग** त होइन, **शस्त्रशास्त्रसंगीतादिनानाविद्यापारंगत** भन्ने पदवी ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णनवमी बुधवारको दुनियाँदारले राखेको शिलालेखमा देखिन्छ ।[५७] **शस्त्रशास्त्र-संगीतादिसकलविद्यापारग**चाहिँ पहिलोपटक ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लअष्टमीको प्रताप मल्लको आफ्नै ताडपत्रको लिखतमा,[५८] दोस्रोपटक ने.सं. ७७७. (वि.सं. १७१४) श्रावणपूर्णिमाको उनको आफ्नै उत्कीर्ण लेखमा,[५९] तेस्रोपटक ने.सं. ७८० (वि.सं. १७१६) फाल्गुनकृष्णनवमीको उनको आफ्नै ताडपत्रको लिखतमा[६०] आएको छ । यसपछि मात्र यो पदवी यस ताम्रपत्रमा आएको छ ।

७.२. प्रताप मल्लको, ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको, यस्तै खालको अर्थात् ब्राह्मणलाई खेत दान गरी जग्गा दिएको ताम्रपत्रमा **श्रीश्रीजयप्रतापमल्लदेव प्रभु ठाकुलसन,**[६१] शिवरात्रिको उत्सवभर पशुपतिमा बाजा बजाउन, बढारकुढार गर्न, पूजा गर्न र बत्ती बाल्न भनी प्रताप मल्लले ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशी शनिवार उत्तराषाढानक्षत्र व्यतीपातयोगमा खेत गूठी राखी गरिदिएको ताम्रपत्रमा चाहिँ खालि **श्रीसूर्य्यवंशजन्मना श्रीमतप्रतापमल्लदेवन,**[६२] प्रताप मल्ल र श्रीनिवास मल्लको बीच ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्ण (पूर्णान्तमानले भाद्रकृष्ण)सप्तमी (भाद्र १० गते) मङ्गलवार कृत्तिकानक्षत्र ध्रुवयोगको, तामाको पातामा कुँदिएको सन्धिपत्रमा **श्रीश्रीराजराजेन्द्र कवीन्द्रजयप्रतापमल्लदेव**[६३] र दुमाजुलाई खेत गूठी राखी ने.सं. ७८२ (वि.सं. १७१९) चैत्रकृष्णपञ्चमी शनिवार

५१. शङ्करमान राजवंशी २०२७:१०० अभिलेखसंख्या = ७४ ।

५२. गौतमवज्र वज्राचार्य २०३३:२० संख्यामा मूलको ९ पङ्क्ति = २०७ ।

५३. महेशराज पन्त २०४९ क: ५ सङ्ख्यामा मूलको १ पङ्क्ति = ७५ ।

५४. उही:७ सङ्ख्यामा मूलको १ पङ्क्ति = ७७ ।

५५. उही २०५७:१७ सङ्ख्यामा मूलको १ पङ्क्ति = ४२ ।

५६. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३१:१ ताडपत्रसङ्ख्यामा मूलको १ पङ्क्ति = १८८ ।

५७. शङ्करमान राजवंशी २०२७:९१ अभिलेखसंख्या = ६६ ।

५८. महेशराज पन्त २०४९ क: ५ सङ्ख्यामा मूलको १ पङ्क्ति = ७५ ।

५९. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८: हनूमान्ढोका विश्वरूपको अभिलेखमा मूलको ६ पङ्क्ति =१९-२० ।

६०. महेशराज पन्त २०४९ क: ७ सङ्ख्यामा मूलको १ पङ्क्ति = ७७ ।

६१. उही २०६४:१ सङ्ख्यामा मूलको १ पङ्क्ति = १०५ ।

६२. गोविन्द टण्डन २०५६ परिशिष्ट - २८ मा मूलको ९ पङ्क्ति = १६८ ।

६३. दिनेशराज पन्त २०५०: ऐतिहासिक सामग्री पहिलो खण्डको ९५ सङ्ख्यामा मूलको २ पङ्क्ति = १०७५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्येष्ठानक्षत्र वरीयान्योग विषुवन्मेषसङ्क्रान्तिको ताम्रपत्रमा **श्री ३ पशुपतिचरणकमलधूलिधूसलित ، शिरोरुह ، मन्मानेश्वरीष्टदेवता ، वरलब्ध प्रसाद्धन्वत ، देदीप्यमान ، श्रीरघुवंशावतार ، रविकुलतिलक ، हनूमध्वज ، शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग ، महाराजाधिराज ، भूपकेशरी ، श्रीनेपारेश्वरविदग्धचूडामणि ، सकलराजचक्राधीश्वर ، श्रीमत्च्छ्रीराजराजेन्द्र कवीन्द्र जयप्रतापमल्लदेव परमभट्टारकन्**[६४] विरुद छन् । यस ताम्रपत्रमा चाहिँ उनका पुर्ख्यौली विरुदका साथै उनी आफैंले लिएका विरुद पनि परेका छन् भनी भनिरहनु नपर्ला ।

८. अघिल्लो ताम्रपत्रमा ६ जना र पछिल्लो ताम्रपत्रमा ५ जना दृष्टसाक्षी राखिएका छन् । तीमध्ये नारायण मल्ल, शिवराम र जगद्धर उभ्भा दुवै ताम्रपत्रमा साक्षी छन् । अघिल्लोका हरिराम, जयकृष्ण र रायराजको सट्टा पछिल्लोमा वीरभद्र र भिंख्वार छन् ।

८.१. अघिल्लो ताम्रपत्रमा **श्रीनारायण मल्ल** मात्र लेखिएकोमा पछिल्लोमा **श्रीनारायण मल्लदेव** लेखिएकोले पहिलो ताम्रपत्र जारी गरिसकेपछिको कालमा यिनको पदवृद्धि भएको इवाट्ट हेर्दा देखिए पनि प्रताप मल्लका, यस मितिभन्दा अगाडिपछाडिका, ताडपत्रमा लेखिएका लिखत अर्थात् ने.सं. ७७० (वि.सं. १७०६) पौषकृष्णचतुर्थीदेखि ने.सं. ७९३ (वि.सं. १७३०) आश्विनकृष्णपञ्चमीसम्मकामा एक मात्र दृष्टसाक्षीको रूपमा आएका यिनै नारायण मल्लको नाउँ सर्वत्र आदरार्थी स प्रत्ययसहित **श्रीनारायण मल्लदेवस** भनी लेखिएकोले[६५] अघिल्लोमा **देव** पद छुटेको देखिन गएको छ ।

---

६४. ऐश्वर्यधर शर्मा २०६४: मूलका ६-९ पङ्क्ति = १२ । उनले नै प्रकाश गरेको फ्याक्सिमिलि (उहीः १५)सँग रुजू गरी शुद्ध पाठ माथि दिइएको छ ।

६५. १. ने.सं. ७७० (वि.सं १७०६) पौषकृष्णचतुर्थीको (शंकरमान राजवंशी २०४१:२० क्रमसंख्यामा मूलको ३ पङ्क्ति = २८) ।
२. ने.सं. ७७१ (वि.सं. १७०८) श्रावणकृष्णद्वादशीको (उही:२२ क्रमसंख्यामा मूलको ३ पङ्क्ति = २९) ।
३. ने.सं. ७७३ (वि.सं. १७१०) ज्येष्ठशुक्लअष्टमीको (महेशराज पन्त २०५७:१६ सङ्ख्यामा मूलको २ पङ्क्ति = ४२) ।
४. ने.सं. ७७३ (वि.सं. १७१०) आषाढकृष्णद्वितीयाको (उही २०४९:४ सङ्ख्यामा मूलको २ पङ्क्ति = ७४) ।
५. ने.सं. ७७४ (वि.सं. १७१०) फाल्गुनशुक्लदशमीको (शंकरमान राजवंशी २०४१:२३ क्रमसंख्यामा मूलको २ पङ्क्ति = ३०) ।
६. ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लअष्टमीको (महेशराज पन्त २०४९:५ सङ्ख्यामा मूलको २ पङ्क्ति = ७५) ।
७. ने.सं. ७७९ (वि.सं. १७१५) पौषपूर्णिमाको (पूर्णकाजी ताम्राकार* २०५९) ।
९. ने.सं. ७८० (वि.सं. १७१६) फाल्गुनकृष्णनवमीको (महेशराज पन्त २०४९ क:७ सङ्ख्यामा मूलको ३ पङ्क्ति = ७७) ।
१०. ने.सं. ७८१ (वि.सं. १७१८) श्रावणशुक्लदशमीको (महेशराज पन्त २०५७:१७ सङ्ख्यामा मूलको २ पङ्क्ति = ४२) ।
११. ने.सं. ७८२ (वि.सं. १७१९) आषाढशुक्लप्रतिपदाको① (धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३१:ताडपत्र १ सङ्ख्यामा मूलको ३ पङ्क्ति = १८८-१८९) ।

---

① प्रकाशित पाठमा **श्रीनारायणदेवस** र यसको उल्थामा **श्रीनारायणदेव** लेखिएकोले यो प्रूफको गल्ती होइन भने यस ताडपत्रमा मल्ल छुटेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लकालका राजकीय लिखतमा एक मात्र वा पहिलो साक्षी राख्दा राजाका उत्तराधिकारीको नाउँ दिने चलन भएकोले र यिनको थरमा देव जोडिएकोले यी नारायण मल्ल राजवंशका हुनुमा सन्देह छैन ।

८.२. नारायण मल्ल साक्षीको रूपमा देखिनुभन्दा अगाडिका, प्रताप मल्लका लिखतमा बलभद्र मल्ल एक मात्र साक्षीको रूपमा देखा परेका छन्[६६] र यिनी साक्षीको रूपमा देखिनुभन्दा अगाडिका लिखतमा प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लका लिखतमा साक्षीको रूपमा देखिदै आएका[६७] भीम मल्ल छन्[६८] ।

यस प्रसङ्गमा प्रताप मल्ल र भीम मल्लको नातोको विषयमा पनि अलिकति कुरा गर्नु उपयुक्त नै होला । भीम मल्लले जग्गा बेची गरिदिएको, ने.सं. ७५९[६९] (वि.सं. १६९५) कार्तिककृष्णचतुर्दशीको ताडपत्रको लिखतमा साक्षी बसेका प्रताप मल्ललाई भीम मल्लका भ्राते (भाइ) भनेको कुराको सम्झना हुन्छ । प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह र भीम

---

१२. ने.सं. ७९३ (वि.सं. १७३०) आश्विनकृष्णपञ्चमीको (महेशराज पन्त २०४९:९ सङ्ख्यामा मूलको २ पङ्क्ति = ८०) ।

१३. साल महीना र पक्ष नष्ट भइसकेको, द्वादशीको (उही:१० सङ्ख्यामा मूलको २ पङ्क्ति = ८१) ।

६६. १. ने.सं. ७६६ (वि.सं १७०३) आश्विनकृष्णद्वादशीको (उही:३ सङ्ख्यामा मूलको २ पङ्क्ति = ७४) ।

२. ने.सं. ७६९ (वि.सं. १७०५) चैत्रकृष्णदशमीको (शंकरमान राजवंशी २०४४:३ क्रमसङ्ख्यामा मूलका २-३ पङ्क्ति = ३२) ।

६७. लक्ष्मीनरसिंह मल्लकोमा-

१. ने.सं. ७४३ (वि.सं. १६८०) चैत्रकृष्णनवमीको (महेशराज पन्त २०४९:१ सङ्ख्यामा मूलको २ पङ्क्ति = ६८) ।

२. ने.सं. ७४३ (वि.सं. १६८०) भाद्रशुक्लनवमीको (उही:२ सङ्ख्यामा मूलको २ पङ्क्ति = ६९) ।

३. ने.सं. ७५२ (वि.सं. १६८९) श्रावणशुक्लषष्ठीको (उही २०५७:१५ सङ्ख्यामा मूलको २ पङ्क्ति = ४१) ।

४. ने.सं. ... माघकृष्णनवमीको (मोहनप्रसाद खनाल २०२९:२१-२२ मा मूलको ३ पङ्क्ति = २१-२२) ।

६८. प्रताप मल्लकोमा-

१. ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको ताम्रपत्रमा (महेशराज पन्त २०६४:१ सङ्ख्यामा मूलको ७-८ पङ्क्ति = १०५-१०६) ।②

२. ने.सं. ७६५ (वि.सं १७०१) माघशुक्लद्वादशीको (उही २०४९ क:२ सङ्ख्यामा मूलको २ पङ्क्ति = ७३) ।

६९. उही मान्छेद्वारा सम्पादित भई ३ हप्ताको बीचमा २ चोटि उही अखबारमा अत्यन्त भ्रष्ट ढङ्गले यस ताडपत्रको पाठ छापिएको छ (पूर्णकाजी ताम्राकार* २०५९ क र उही २०५९ ख) । २ पटक छापिएका पाठ पनि सबै ठाउँमा एकनासका छैनन् । यस ताडपत्रका सम्पादकले यसको संवत् ७१९ पढेका छन्, उनको लेखाइबाट यस वेला गद्दीमा प्रताप मल्ल बसेको देखिन्छ । ने.सं. ७१९ (वि.सं. १६५५) मा त प्रताप मल्लको होइन कि उनका बराजु शिवसिंहको राज चलिरहेको थियो ।③ लक्ष्मीनरसिंह मल्लको ने.सं. ७४३ (वि.सं. १६८०) चैत्रकृष्णनवमीदेखिका लिखतदेखि प्रताप मल्लको ने.सं. ७६५

---

② यस ताम्रपत्रमा पहिलो साक्षी भीम मल्ल र दोस्रो साक्षी बलभद्र मल्ल छन् । दुवैको नाउँको अगाडि श्री जोडिए पनि नाउँको अन्त्यमा राखिने देवचाहिँ भीम मल्लको नाउँमा मात्र छ ।

③ उदाहरणको लागि शिवसिंहको ने.सं. ७१९ (वि.सं. १६५५) पौषशुक्लचतुर्थीको ताडपत्रको लिखत (महेशराज पन्त २०५५:२६ सङ्ख्या = २०) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लका बाबु पूर्ण मल्ल[७०] भएकाले यस ताडपत्रमा प्रताप मल्ललाई भीम मल्लका भाइ भने पनि यी २ जना साख्खै दाजुभाइ होइनन् भन्ने कुरामा शङ्का छैन । भीम मल्लका बाबुको नाउँ हामीलाई थाहा भए पनि त्यसभन्दा माथिका अर्थात् उनका बाजेबराजुका नाउँ थाहा नभएकोले भीम मल्ल र प्रताप मल्लको नाता ठ्याक्क के थियो भनी भन्न सकिएन । भीम मल्लको पत्रमा प्रताप मल्ललाई भाइ भनिएकोले यिनीहरू दुवै उही पुस्ताका रहेछन् भनी भन्नसम्म सकिन्छ । लक्ष्मीनरसिंह मल्ल र उनका छोरा प्रताप मल्लका लिखतमा साक्षी बस्ने, मल्लान्तनामधारी भीम मल्ल, बलभद्र मल्ल र नारायण मल्लमध्ये अघिल्लाको नाउँमा मात्र राजोचित श्रीश्री[७१] जोडिएको र पछिल्ला २ जनाको नाउँको अगाडि चाहिँ एउटा मात्र श्री लेखिएकोले बलभद्र मल्ल र नारायण मल्लभन्दा भीम मल्ल गद्दीका नजीकका हकदार भएको देखिन्छ ।

९. पहिले पहिले अहिले जस्तो सबैको नाउँको अगाडि श्री जोड्ने चलन थिएन । नेवारकालमा देवताको नाउँको अगाडि ३ वटा, राजा रानी र युवराजको नाउँको अगाडि २ वटा र ब्राह्मण र राजवंश्य[७२] जस्ता आदरणीय मानिसहरूको नाउँमा एउटा श्री जोड्ने चलन थियो । यसैले यी दुवै ताम्रपत्रमा राजवंश्य नारायण मल्ल र ब्राह्मण जगद्धर उभ्काको नाउँको अगाडि श्री हालिएको हो ।

१०. अहिले स्युचाटार गा.वि.स. ७ र ८ नं. वडा, पुरानो नैकाप गा.वि.स. ७, ८ र ९ नं. र नयाँ नैकाप गा.वि.स. ७ नं. वडामा गरी करीब ४५०० को हाराहारीमा गोतामेहरूको बाक्लो बस्ती छ, यी सबै गोतामेहरू गङ्गा जोशी अर्थात् गङ्गाधर गोतामेका सन्तान हुन् भन्ने भनाइ सुशीलकुमार गौतमको छ ।[७३] प्रताप मल्लका दानीय यिनै गङ्गा जोशीको अठाह्रौँ पुस्तामा म जन्मेको हुँ भन्ने उहाँको भनाइ छ ।

(वि.सं १७०१) माघशुक्लद्वादशी④सम्मका लिखतमा साक्षीका रूपमा देखिएका भीम मल्लको ताडपत्र ने.सं. ७१९ को हुनु सम्भव नभएकोले यसलाई मैले वि.सं. ७५९ को भनी मानेको हुँ ।

७०. ने.सं. ७६० (वि.सं. १६९६) पौषपूर्णिमा आदित्यवार पुनर्वसूनक्षत्र वैधृतियोग मकरसङ्क्रान्ति⑤को ताम्रपत्र (गोविन्द टण्डन २०५६: परिशिष्ट-२४ = १६२-१६३) ।

ने.सं. ७६३ (वि.सं. १६९९) कार्तिकशुक्लद्वादशी सोमवार उत्तरभाद्रनक्षत्र हर्षणयोग⑥को शिलापत्र (डिल्लीरमण रेग्मी २०२३:४५ सङ्ख्या = ७९-८० पृष्ठ) ।

७१. ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लनवमीको (महेशराज पन्त २०६४:१ सङ्ख्यामा मूलको १० पङ्क्ति = १०५-१०६) र ने.सं. ७६५ (वि.सं. १७०१) माघशुक्लद्वादशी (उही २०४९ क:२ सङ्ख्यामा मूलको ४ पङ्क्ति = ७३)मा **श्रीभीम मल्लदेव** ।

७२. राजाका छोरा नभए पनि गद्दीका उत्तराधिकारी हुन पुगेकाको नाउँको अगाडि एउटा मात्र श्री लाग्थ्यो भन्ने कुराको उदाहरणको लागि भास्कर मल्ल (महीन्द्र सिंह)का लिखतमा उनका उत्तराधिकारी जगज्जय मल्लको नाउँको अगाडि एउटा मात्र श्री लागेकोलाई देखाउन सकिन्छ ।⑦

७३. सुशीलकुमार गौतम २०६६:१ ।

---

④ माथि ६८ सङ्ख्याको टिप्पणी हेर्नू ।

⑤ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि सङ्क्रान्तिसम्म मात्र हालिएको छ ।

⑥ यहाँ सूर्य र चन्द्र कुन कुन राशिमा छन् भन्नेसम्म लेखिएको भए पनि माथि योगसम्म मात्र हालिएको छ ।

⑦ महेशराज पन्त २०६५ क:३३५-३३६ मा किटिएका, ने.सं. ८३८ (वि.सं. १७७५) श्रावणकृष्णद्वादशीदेखि ने.सं. ८४२ (वि.सं. १७७९) आषाढशुक्लअष्टमीसम्मका, जगज्जय मल्लका लिखत हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. राजालाई लडाइँभिडाइँ गर्न साइत चाहिने हुनाले दरबारहरूमा ज्योतिषीहरूको निकै सम्मान हुन्थ्यो । ज्योतिषी काम गर्ने ती ब्राह्मणहरू थरभन्दा पेशा बुझाउने उपाधिले बढी प्रसिद्ध हुन्थे भन्ने कुरा यिनै ताम्रपत्रका दानीय गोतामे गङ्गा[धर]को थर नदिई **जोशी** मात्र लेखिएकोबाट पनि बुझिन्छ । यसको अर्को उदाहरणको रूपमा प्रताप मल्लका अर्का दानीय, अहिलेसम्म पनि नामुद ज्योतिषी भनी सम्झिइरहेका,[७४] मैनाली काशीको थर नदिई उनलाई **जोशी** मात्र लेखिएकोलाई औँल्याउन सकिन्छ । अझ पछिल्लो कालको कुरा गर्ने हो भने सेढाइँ थरका दामोदर (वि.सं. १८१५-१८६५) र उनका सन्तान दरसन्तान आफ्नो थरले भन्दा जोशी उपनामले प्रसिद्ध छन् ।[७५] खस मल्ल राजाहरूका दानीय ब्राह्मणहरूमा पनि धेरै जसो **जोशी** नै भएको यस प्रसङ्गमा स्मरणीय छ ।[७६]

१२. जनभाषामा भएको, आफ्नो थर नराम्रो लागेर कतिले त्यसको संस्कृत रूप बनाई चलनचल्तीमा ल्याउने गरेको देखिएको छ । **कामी**ले आफूलाई **विश्वकर्मा** भने झैँ **गोतामे**हरूले आफूलाई **गौतम** लेख्न थालेको धेरै नै भइसक्यो । गोतामेहरूको गोत्र **अत्रि** भएकोले उनीहरूले आफूलाई **गौतम** लेख्न थालेको कति पनि मिल्दैन, बनारसमा जिन्दगी बिताएका कुलचन्द्र गोतामे (वि.सं. १९३४-२०१५)ले त्यहाँका पण्डितहरूलाई प्रभाव पार्न **गौतम** लेख्न थालेका हुन् भनी नयराज पन्त (वि.सं. १९७०-२०५९)ले भनेको मैले सम्झिरहेको छु । धादिङ जिल्लाको जीवनपुरमा जन्म भई आफ्नो विद्वत्ताले गर्दा भित्रबाहिर प्रतिष्ठा पाएका कुलचन्द्रले आफ्नो थर **गौतम** लेख्न थालेपछि अरू **गोतामे**हरूले पनि आफ्नो थर **गौतम** लेख्न थालेको जस्तो मलाई लाग्छ ।

१३. खोजी गर्दै जाने हो भने नेवारी रहनसहनमा कत्ति पनि नभिजी सयौँ सय वर्षअगाडिदेखि नेपालखाल्डोभित्रै बसोबास गर्दै आएका नेपालीभाषीहरू जत्ति पनि भेट्टाइन्छन् । यसको एउटा उदाहरणको लागि साढे तीन सय वर्षभन्दा अगाडिदेखि स्युचाटार, नैकाप इलाकामा बसोबास गर्दै आएका यिनै गोतामेहरूलाई देखाउन सकिन्छ । यसको अर्को उदाहरणको लागि हामीले माथि चर्चा गरेको, लुभु सिस्नेरीका पौडेलहरूलाई औँल्याउन नसकिने होइन । इतिहासको आधारमा नेवारहरूको भित्रै राज्यको माग गर्नेहरूले यस्ता नेपालीभाषीहरूलाई कहाँ थान्को लाउने हुन्, त्यो हेर्न भने बाँकी छ ।

१ सङ्ख्या

१४. १०.९×५ अङ्गुल नापो भएको, तामाको बाक्लो पातामा माथि, तल, दायाँ, बायाँ किनारा छोडी लेख कुँदिएको छ । यसमा लेख भएको भाग ७.१×३.८ अङ्गुल छ । यस पाताको लम्बाइ चौडाइ नापिए पनि मोटाइ भने नाप्न बिर्सिएछ । पाताको तौल जोख्न अनुकूल नपरेकोले त्यो पनि छुट्न गएको छ । अक्षर खँदिलो गरी कुँदिएकोले त्यसको डोब पाताको पछाडिपट्टि पनि देखिन्छ ।

१५. यस ताम्रपत्रमा बायाँपट्टि किनारामा १ देखि ४ पङ्क्तिको हाराहारीमा गोलो मोहरछाप लगाइएको छ । छापको वरिपरि थोप्ला छन्, ती थोप्ला वृत्तरूपमा छन् । ती थोप्लामध्ये ४ ठाउँमा थोप्ला खिइएर गएकाले ५८ वटा थोप्ला मात्र स्पष्ट देखिन्छन् । त्यसपछि अर्को वृत्त छ । त्यसको बायाँपट्टिको भाग रेखात्मक देखिए पनि दायाँपट्टिको भने बिन्द्वात्मक देखिन्छ । त्यस वृत्तभित्र बीचमा खड्ग छ । तल्लो भाग छोडेर अन्यत्र मालाले खड्ग घेरिएको छ । खड्गको माथि **श्री श्री रा** अक्षर छ ।

---

७४. अच्युतरमण अधिकारी २०३७:१०-११ ।

७५. दिनेशराज पन्त २०६३ ।

७६. उदाहरणको लागि महेशराज पन्त २०६६:३०२-३०३, ३०४-३०५, ३०८-३०९, ३१०-३१२ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खड्गको माथिल्लो भागको हाराहारीमा दोस्रो पङ्क्ति छ । त्यसमा खड्गको बायाँपट्टि ज रा र दायाँपट्टि जे न्द्र अक्षर छ । खड्गको तल्लो भागको हाराहारीमा तेस्रो पङ्क्ति छ । त्यसमा खड्गको बायाँपट्टि क वी र दायाँपट्टि न्द्र ज अक्षर छ । खड्गको मुनि चौथो पङ्क्ति छ । त्यसमा य प्र ता प म अक्षर छ । त्यसभन्दा मुनिको अर्थात् पाँचौँ पङ्क्तिमा ल दे व अक्षर छ ।

१५.१. यी दुवै ताम्रपत्रका छापमा प्रताप मल्लको विरुद **श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव** छ । प्रताप मल्ल शान्तिपुर प्रवेश गर्दा लेखिएको, ने.सं. ७७८ (वि.सं. १७१५) आषाढकृष्णचतुर्थीको दिन प्रताप मल्ल शान्तिपुर पसेको कुराको चित्रण गरिएको पौभामा,[७७] देगुतलेअगाडिको ढुङ्गे खामोमा कुँदिएको, ने.सं. ७९० (वि.सं. १७२७) भाद्रशुक्लद्वादशीको उनको अभिलेखमा[७८] तथा ने.सं. ७७६ (वि.सं. १७१२/१३),[७९] **श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकुर** ने.सं. ७९२ (वि.सं. १७२८) पौषशुक्लनवमी[८०] र ने.सं. ७९४ (वि.सं. १७३०) माघशुक्लत्रयोदशी[८१]का दुनियाँदारका अभिलेखमा पनि यी ताम्रपत्रका छापमा भएका विरुद दुरुस्त छन् ।

१५.२. यी दुवै ताम्रपत्रमा लगाइएका छाप मोहरछाप भए पनि दुरुस्त यही आकारको, प्रताप मल्लको, मोहर नभेट्टाइएको कुरा टकसम्बन्धी पुस्तकबाट स्पष्ट हुन्छ ।[८२]

यस ताम्रपत्रको फ्याक्सिमिलि तल ४७१ पृष्ठमा छ ।

१६. **मूलपाठ**

१. ꣸ स्वस्ति ।। श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेव प्रभु ठाकुलसन ˎ देवदालि गामस चों
२. गंगाजोसिब्राह्मणनाम्ने प्रसादीकृतं ˎ स्थानस्य नैऋत्यदिशि प्रदेशे ˎ सिंद्व क्व ˎ ह्रस-
३. कनद्व क्व यौखादोलक्षेत्रनामसंज्ञकं ˎ सिंद्व ˎ ह्रसकनद्व प्रपातसिमाया ˎपश्चि-
४. मतो ˎ मागगेन ˎ धरसिमाया ˎ उत्तरतो ˎ तवद्याङभूमेन ˎ स्वल्पमार्ग्गेन पूर्व्वतो ˎ नखि-
५. कापभूमेन ˎ प्रपातसिमाया ˎ दक्षिणतो ˎ एतेखां मध्य ˎ थ्वते चात्राघातन दु ˎ वा मू-
६. लि प शल ४०० सक्व बु देहि सिङद्व मूलन ये ˎ बुन ˎ रखगारन यौ व ˎ ह्रस-
७. कनद्वया पाखन क्व ˎ थ्वते सकल्प याङ प्रसन्न जुया ˎ अत्र पत्रार्थे दृष्टसाक्षि ˎ श्री-

---

७७. गौतमवज्र वज्राचार्य २०२१:३७, ३८,① ४०,② ४१ ।

७८. घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ मा मूलको ३५ पङ्क्ति = २७ ।

७९. शङ्करमान राजवंशी २०२८:कान्तिपुर वंबहालटोल वंबहालबारीको शिलालेखमा मूलको ५ पङ्क्ति = ३३ ।

८०. उही २०२७:१३९ अभिलेखसंख्या = १०२ ।③

८१. उही:१४४ अभिलेखसंख्या = १०५ ।

८२. निकोलस जी. रोड्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारो २०४५/४६:२५८-२६० सङ्ख्या = ८७ ।

---

① मसिनो गरी केलाई भन्ने हो भने यहाँ श्रीश्री नभई श्री २ छ ।

② छापिएको पाठअनुसार यहाँ श्रीश्रीको ठाउँमा श्री मात्र छ ।

③ छापिएको पाठ श्री ३ छ । श्री २ को ठाउँमा प्रूफको गल्तीले श्री ३ भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. नारायण मल्ल ৲ हरिराम ৲ जयकृष्ण ৲ शिवराम पा ৲ रायराज ৲श्रीजगधर उभा ।। सम्व-
९. त् ७७३ माघशुक्ल ।। पूण्णमास्या तिथौ ৲ शुभ ।।

उल्था

कल्याण होओस् । श्रीश्रीकवीन्द्र (कविहरूमा मुख्य) जयप्रताप मल्लदेव प्रभु ठाकुरबाट देउराली (मूलमा-देवदालि) गाउँमा बस्ने गङ्गा जोशी ब्राह्मणको नाउँमा निगाह गरिबक्स्यो । स्थान[८३]को नैर्ऋत्यदिशामा पर्ने प्रदेशमा, सिंद्व[८४]को तल[८५], ह्लसकनद्व[८६]को तल, यौखादोल खेत भन्ने नाउँ भएको, सिंद्व [र] ह्लसकनद्व[को] भीरको सिमानादेखि पश्चिमपट्टि, बाये [र] कुलोको सिमानादेखि उत्तरपट्टि, ठूलो ड्याङ भएको जग्गादेखि

---

८३. **स्थान**को अर्थको विषयमा महेशराज पन्त २०६४ ख:§ १४ = २०२-२०४ मा लेखिएको छ ।

८४. मूलमा २ ठाउँमा **सिंद्व** (२, ३ पङ्क्ति) र एक ठाउँमा **सिङ्द्व** (६ पङ्क्ति) छ । यसपछिको ताम्रपत्रमा पनि यो नाउँ आएको छ । त्यहाँ अघिल्लो ताम्रपत्रमा आएका अघिल्ला २ पटक आए जस्तै **सिंद्व** (७पङ्क्ति) छ । **सिंद्व** वा **सिङ्द्व**को शब्दार्थ **काठको थुप्रो** हुन्छ । कुनै वेला **सिंद्व** अर्थात् **काठको थुप्रो** रहेको यस ठाउँको नाउँ कालान्तरमा यही रहेको देखिन्छ । बूढा बूढा कीर्तिपुरेहरू नैकापलाई अझै **सिंदे** भन्दैछन् भनी सुशील कुमार गौतमले भनेको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ (वि.सं. २०६९।६।१४।१ मा भएको कुराकानीको आधारमा) ।

८५. मूलमा ३ ठाउँमा **क्व** आएको छ– **सिंद्व क्व** (२ पङ्क्ति), **ह्लसकनद्व क्व** (२-३ पङ्क्ति) र **ह्लसकनद्वया पाखन क्व** (६-७ पङ्क्ति) । पछाडि **क्व** हाली यिनै २ नाउँ अहिले प्रकाश गर्न लागेको, २ सङ्ख्याको ताम्रपत्रमा (७ पङ्क्तिमा) पनि आएका छन् । ठाउँको नाउँ लिई त्यसपछि **क्व/को** लेखिएको जति पनि भेटिन्छ–

मागल को, म्वाढगाह्न को, कांङ्वं को, पेकबहार को (महेशराज पन्त २०६३ मा मूलका १७, १८, १९ पङ्क्ति = ४)। **ह्योसपिको** (माथि ४५३ पृष्ठमा १० सङ्ख्याको टिप्पणी) ।

द्वुतो को (उही २०६५:१ सङ्ख्यामा मूलको २ पङ्क्ति = ३२८) ।

ओसिखु गाम को (उही २०६७:१ सङ्ख्यामा मूलको ३ पङ्क्ति = ३९) ।

कुतिप्याकर क्व (उही २०६९ ख:२ सङ्ख्यामा मूलको १ पङ्क्ति = ३९१) ।

कुतिप्याकल क्व (उही:२ सङ्ख्यामा मूलको २ पङ्क्ति) ।

यसका उदाहरण हुन् ।

क्व/कोको शब्दार्थ **तल/मुनि** हुने हुनाले मैले यसको अर्थ **तल** भनी गर्ने गरेको छु (उही २०६३ क:२४, २६, २७; उही २०६७:४०) । 'ज्यापु' पञ्च (२०६०:२३-२४)ले पछाडि **को** आउने, केही स्थाननामको सङ्ग्रह गरी **को**को अर्थ **फाँट** भनी गरेका छन् ।

स्थाननामबाहेक, गल्ली बुझाउने मुगुडिसँगै **क्व** आएको पनि देखिएको छ–

श्रीखप्वब्रुमायां श्रीवान्दिमस्थाने तवचपाडटोल मुगुडिक्व गृहाधिवाशिन लक्षिमसाहुकस्य नाम्ना [...] (श्यामसुन्दर राजवंशी २०४२-४३: ताडपत्रको लिखतको १ पङ्क्ति = १५) ।

८६. मूलमा **ह्लसकनद्व** छ । यसको शब्दार्थ **सिस्नोको थुप्रो** हुन्छ । कुनै वेला **ह्लसकनद्व** अर्थात् **सिस्नोको थुप्रो** रहेको यस ठाउँको नाउँ कालान्तरमा यही रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[र] सानो बाटेदेखि पूर्वपट्टि, नैकाप (मूलमा- नखिकाप)[८७]को जग्गादेखि [र] भीरको सिमानादेखि दक्षिणपट्टि, यतिको बीच, यति चारकिल्ला भएको, धान मुरी चार सय ४०० [उब्जनी हुने] पूरै[८८] खेत [र] डिही सिङ्खको मूल बाटेदेखि दक्षिण, खेतदेखि [र] रखगार(?)देखि पश्चिम र ह्वसकनद्वको पाखोदेखि तल यति सङ्कल्प गरी प्रसन्न भइयो। यस पत्रको बेहोरामा दृष्टसाक्षी श्रीनारायण मल्ल, हरिराम, जयकृष्ण, शिवराम पा,[८९] रायराज, श्रीजगधर उभा। संवत् ७७३ माघशुक्ल। पूर्णिमा तिथिमा। शुभ।

२ सङ्ख्या

१७. ११.२×५ अङ्गुल नापो भएको, तामाको बाक्लो पातामा माथि, तल, दायाँ, बायाँ किनारा छोडी लेख कुँदिएको छ। यसमा लेख भएको भाग ८.१×३.३ अङ्गुल छ। अक्षर खँदिलो गरी कुँदिएकोले त्यसको डोब पाताको पछाडिपट्टि पनि देखिन्छ।

---

८७. पहिले संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुशीला के.सी. (२०६७: ९)ले तथा सुशील कुमार गौतम (२०६८:१११)ले नखिकापको नखिको शब्दशः अर्थ गर्ने राम्रो कोशिश गरेका छन्। त्यो कुरा सुशील कुमार गौतमका शब्दमा यसरी व्यक्त छ–

> **नेवारी भाषामा 'नखि' ले पूर्णरूपेण खिया परी धुलिइसकेको फलाम बुझाउँछ। नैकाप पुरानो भन्ज्याङ्ग वडा नं. २, ३ र ६ को संगमस्थल 'किटीनी भन्ज्याङ्ग' कहलाउँछ। त्यहाँ खेतबारीमा काम गर्दा किट (प्रयोग गरिसकिएको फलाम) बरोबर फेला पर्ने गरेको बूढापाकाहरू बताउँछन्। अचम्मको संयोग मिलेको छ, ललितपुरमा 'नखिपोट' भन्ने स्थान छ, त्यसको सीमाभित्र 'किटीनी' नाम गरेको एक ठाउँ छँदैछ। प्रयोग भइसकेर मिल्किएको, खिया परि धुलिएको फलामलाई बुझाउन नेवारी भाषामा 'नखि' शब्द प्रयोग गरिँदो रहेछ। त्यो वस्तुलाई नेपाली मातृभाषा हुनेले 'किट' उच्चारण गरेको बुझिन्छ।①**

बलम्बुमा लिच्छविकालका शिलापत्र भएको ठाउँबाट नैकापको केन्द्र नजीकै भएकोले अर्थात् एक ठाउँबाट अर्को ठाउँमा जान २० मिनेट मात्र लाग्ने हुनाले बलम्बुको [मानदेव]संवत् ५५ आश्विनशुक्लसप्तमीको शिलापत्रअनुसार एउटा बिर्ताको चारकिल्ला खुलाउँदा आएको नतिदुल् भन्ने ठाउँ नै अहिलेको नैकाप हो, नखिकापको पूर्वरूप नतिदुल् हो भनी तिनीहरूले लेखेको कुरा (संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुशीला के.सी. २०६७:९; सुशील कुमार गौतम २०६८:१०७-११०)चाहिँ अतिक्लिष्ट कल्पना जस्तो मलाई लाग्छ।

८८. मूलमा खेतको नापो अक्षरेऽपि र अङ्केऽपि दिइसकेपछि **सक्व बु** लेखिएको छ। दोस्रो ताम्रपत्रमा पनि यस्तै छ। खेतको नापो धेरै भएको खण्डमा अन्त पनि यो शब्द आएको देखिन्छ–

प्रताप मल्लको आफ्नै अर्को एउटा ताम्रपत्रमा **एकशतरोपनीकं श्रेत्राङ्कतोपि बु रो १०० थ्वते सक बु** (महेशराज पन्त २०६४:११५-११६ मा ४-५ पङ्क्ति = १०५), उनका बाबु लक्ष्मीनरसिंह मल्लको ताम्रपत्रमा यस्तो **वा मुरि ६०० षुश्र सक्वु वाभा वा मुरि ६० थ्वते सक्व** (उही:११४ मा मूलको ४ पङ्क्ति = उही २०४१:२५) लेखिएको छ।

८९. दोस्रो ताम्रपत्रमा खालि शिवराम मात्र लेखिएको छ।

---

① किट शब्द संस्कृतको किट्टको अपभ्रंश हो। किट्टको मूल अर्थ मल हो– **किट्टं मलोऽस्त्रियाम्** (*अमरकोष* २।६।६५)। फलाम पोल्दा भएको धूलो किट्ट हुन्छ, यो आयुर्वेदमा चल्ती शब्द हो। असारांश जति किट्ट कहिने हुनाले यस शब्दले **गुहु** पनि बुझाउँछ (उदाहरणको लागि *वाचस्पत्यमा* **किट्टं** हेर्नू)। किट्ट शब्दले मल बुझाउने र दाँतको मललाई नेवारीमा **वाखि** भनिने हुनाले फलामको मल अर्थमा **नखि** शब्द चलेको हो कि जस्तो मलाई लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८. यस ताम्रपत्रमा बायाँपट्टि किनारामा ३ देखि ६ पङ्क्तिको हाराहारीमा गोलो मोहरछाप लगाइएको छ। छापको दायाँपट्टि माथिल्लो भागमा केही थोप्ला वृत्ताकारमा देखिन्छन् र त्यस्ता थोप्ला कमसेकम ८ वटा छन् । त्यसपछि छापको वरिपरि थोप्ला छन्, ती थोप्ला वृत्तरूपमा छन् । ती थोप्लामध्ये २ ठाउँमा थोप्ला खिइएर गएकाले ५७ वटा थोप्ला मात्र स्पष्ट देखिन्छन् । त्यसपछि अर्को वृत्त छ । त्यस वृत्तभित्र परेका कुरा अघिल्लो ताम्रपत्रमा जस्तै छ ।

यसको फ्याक्सिमिलि तल ४७२ पृष्ठमा छ ।

१९.

मूलपाठ

१. ᳲ स्वस्ति ।। शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग ॽ महाराजाधिराज ॽ श्रीश्रीराजराजे-
२. न्द्र कवीन्द्र जयप्रतापमल्लदेव ॽ परमभट्टारक ॽ प्रभु ठाकुलसन ॽदेवदालि गाम-
३. स चोङ ॽ गंगाजोसिब्राह्मणनाम्ने प्रसादीकृतं ॽ स्थानस्य पश्चिमदिशि प्रदेशे ॽ किमसि
४. पुराण क्वाथजु ॽ धरचा यौता पुराण क्वाथजु ॽ द्वयो भुमेन ॽ पश्चिमतो ॽ बहिरि गाम ॽ दा-
५. दान ॽ उत्तरतो ॽ मार्ग्गेन पूर्व्वतो ॽ लक्ष्मीदासकस्य क्षेत्रेन ॽ रामच्या भुमेन दक्षिणतो
६. एतेखां मध्य ॽ ध्वते चात्राघातन दु ॽ वा मूलि पे शर ४०० सक्व बु ॽ सरङा क्वाथ घल्यालि
७. सिंद्व क्व ॽ ह्रसकनद्व क्वया ॽ पादशि प्रसन्न जुस्य बिज्याङा ॽ अत्र पत्रार्थे दृष्टसाक्षि ॽ श्री-
८. नारायण मल्लदेव वीरभद्र ॽ शिवराम ॽ भिंख्वार श्रीजगधर ओझा ।। सम्वत् ७८१ का-
९. र्त्तिकशुक्लः ।। पूर्ण्णमास्यान्तिथौ शुभ ।। ॽ

उल्था

कल्याण होओस् । शस्त्र शास्त्र र सङ्गीत आदि सारा विद्या पार गरेका, महाराजाधिराज, श्रीश्रीराजाहरूका राजाहरूमा मुख्य, कविहरूमा मुख्य जयप्रताप मल्लदेव परमभट्टारक प्रभु ठाकुरबाट देउराली (मूलमा- देवदालि) गाउँमा बस्ने गङ्गा जोशी ब्राह्मणको नाउँमा निगाह गरिबक्स्यो । स्थानको पश्चिमदिशामा पर्ने प्रदेशमा, किम्सी (मूलमा- किमसि)[को] पुरानो किल्ला १ जोर [र] सानो कुलोदेखि पश्चिम, पुरानो किल्ला १ जोर, २ वटाको जग्गादेखि पश्चिमपट्टि,[१०] बहिरि गाउँको डाँडादेखि उत्तरपट्टि, बाटोदेखि पूर्वपट्टि, लक्ष्मीदासको खेतदेखि [र] रामच्या जग्गादेखि दक्षिणपट्टि, यतिको बीच, यति चारकिल्ला भएको, धान मुरी चार सय ४०० [उब्जनी हुने] पूरै खेत [र] सरङा किल्ला घडेरी, सिंद्वको तल [र] ह्रसकनद्वको तलको सट्टाभर्ना खुशी भई बक्स्यो । यस पत्रको बेहोरामा दृष्टसाक्षी श्रीनारायण मल्लदेव, वीरभद्र, शिवराम, भिंख्वार, श्रीजगधर ओझा । संवत् ७८१ कार्तिकशुक्ल । पूर्णिमा तिथिमा । शुभ ।

---

१०. किल्ला बुझाउने क्वाथ यहाँ २ पटक आएको छ र दुवैचोटि यसमा जु प्रत्यय जोडिएको छ र त्यति नै चोटि क्वाथको अगाडि पुराण लेखिएको छ – पुराण क्वाथजु ॽ धरचा यौता पुराण क्वाथजु ॽ द्वयो भुमेन ॽ पश्चिमतो ॽ (४ पङ्क्ति) । लेखाइको हिसाबबाट त्यहाँ २ वटा किल्ला भएको जस्तो बुझिन्छ तापनि पुराण क्वाथजु शब्द किन दोहऱ्याइयो, स्पष्ट छैन । त्यसैले मेरो उल्था पनि खुलस्त हुन सकेन। पुराण क्वाथजु ॽ धरचाको अर्थ सुशील कुमार गौतम (२०६८:११०)ले पुराण क्वाथजु ---? धरचा नाम गरेका एक व्यक्ति भनी गरेका छन् । यो अर्थ भनै चित्त बुझ्दो छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



ने.सं. ७७३ (वि.सं १७०१) माघपूर्णिमाको प्रताप मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ४६७-४६८ पृष्ठमा छ ।

ने.सं. ७८१ (वि.सं १७१७) कार्तिकपूर्णिमाको प्रताप मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ४७० पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu



ने.सं. ५४० (वि.सं. १४७७) वैशाखशुक्लपञ्चमीको ज्योतिर् मल्लको ताडपत्रको प्याक्सिमिलि

यसको पाठ महेशराज पन्त २०४५:४२ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशीको प्रताप मल्लको ताम्रपत्र (१३ पङ्क्तिसम्मको बायाँपट्टिको भाग)को फ्याक्सिमिलि

यसको पाठ गोविन्द टण्डन २०५६:१६८-१६९ पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशीको प्रताप मल्लको ताम्रपत्र (१३ पङ्क्तिसम्मको दायाँपट्टिको भाग)को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशीको प्रताप मल्लको ताम्रपत्र (११ पङ्क्तिदेखि अन्त्यसम्मको बायाँपट्टिको भाग)को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७६४ (वि.सं. १७००) माघकृष्णचतुर्दशीको प्रताप मल्लको ताम्रपत्र (११ पङ्क्तिदेखि अन्त्यसम्मको दायाँपट्टिको भाग)को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu



ने.सं. ७७८ (वि.सं. १७१५) श्रावणकृष्णसप्तमीको
प्रताप मल्ल र श्रीनिवास मल्लको सन्धिपत्रको फ्याक्सिमिलि
यसको पाठ दिनेशराज पन्त २०५०:२०७५-२०७७ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्लप्रतिपदाको श्रीनिवास मल्लको सुवर्णपत्र (बायाँपट्टिको भाग)को फ्याक्सिमिलि

यसको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९:११-१२ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७८६ (वि.सं. १७२३) आश्विनशुक्लप्रतिपदाको श्रीनिवास मल्लको सुवर्णपत्र (दायाँपट्टिको भाग)को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८१८ (वि.सं १७५४/५५)को योगनरेन्द्र मल्ल, भूपालेन्द्र मल्ल र भूपतीन्द्र मल्लको

ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१: २२-२४ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu



ने.सं. ८३४ (वि.सं १७७०) चैत्रशुक्लचतुर्थीको भास्कर मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ गोविन्द टण्डन २०५६:२२२ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८७० (वि.सं १८०६) फाल्गुनशुक्लदशमीको राज्यप्रकाश मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:६७ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८८१ (वि.सं. १८१७) माघपूर्णिमाको जयप्रकाश मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ धनवज्र वज्राचार्य २०१९:२६५ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८८२ (वि.सं. १८१९) आश्विनशुक्लदशमीको रणजित् मल्लको ताम्रपत्र (बायाँपट्टिको भाग)को फ्याक्सिमिलि

यसको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:७२-७३ पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८८२ (वि.सं. १८१९) आश्विनशुक्लदशमीको रणजित् मल्लको ताम्रपत्र (दायाँपट्टिको भाग)को फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८८९ (वि.सं. १८२५) मार्गशुक्लचतुर्थीको रणजित् मल्लको ताम्रपत्रको फ्याक्सिमिलि

यसको पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१६-१७ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अग्निपुराण

= वि.सं. २०६७ मा काठमाडौँबाट विद्यार्थी पुस्तकभण्डारद्वारा प्रकाशित तिलकप्रसाद लुइटेलको *अग्निपुराणम् नेपाली भाषानुवादसहितम्* (*अग्निपुराण* नेपाली भाषामा उल्थासहित)।

अच्युतरमण अधिकारी २०३७

= वि.सं. २०३७ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* १३ वर्ष ११ अङ्कका १०-२० पृष्ठमा छापिएको, अच्युतरमण अधिकारीको *इतिहासका चक्रमा गुरुप्रसाद मैनाली*।

अन्नपूर्ण समाचारदाता २०६८

= वि.सं. २०६८ श्रावण २८ गते शनिवारको दिन काठमाडौँबाट न्यूज मिडियाद्वारा प्रकाशित *अन्नपूर्ण* पोष्ट १० वर्ष १०५ अङ्कको ५ पृष्ठमा छापिएको, अन्नपूर्ण समाचारदाताको *दुई सय ७० वर्ष पुरानो ताम्रपत्र भेटियो*।

अमरकोष

= अमरसिंहमा हेर्नू।

अमरसिंह

= वि.सं. १९४६ मा बम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्तको *नामलिङ्गानुशासनं नाम अमरकोषः। पण्डितवर-श्रीमदमरसिंहविरचितः। महामहोपाध्यायश्रीभट्टोजिदीक्षितात्मजविद्वद्वरश्रीभानुजिदीक्षितकृतया व्याख्यासुधाख्यया व्याख्यया सहितः*। (*नामलिङ्गानुशासन* नाउँ भएको *अमरकोष*, श्रीमान् अमरसिंहले बनाएको। महामहोपाध्याय श्रीभट्टोजिदीक्षितका छोरा, विद्वान्हरूमा श्रेष्ठ श्रीभानुजिदीक्षितले बनाएको *व्याख्यासुधा* भन्ने नाउँ भएको व्याख्यासहित)।

अमोघवज्र वज्राचार्य २०२३

= *दानगाथा*मा हेर्नू।

उद्धव आचार्य २०४३-४४

= वि.सं. २०४३-४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९८-९९ अङ्कको नेपाली खण्डका १४-२५ पृष्ठमा छापिएको, उद्धव आचार्यको *फर्पिङ्गको ऐतिहासिक परिचय*।

ऐश्वर्यधर शर्मा २०६४

= वि.सं. २०६४ मा नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक*उड्डयनमन्त्रालय पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* २५ पूर्णाङ्कका ११-१५ पृष्ठमा छापिएको, ऐश्वर्यधर शर्माको *कान्तिपुरका राजा प्रतापमल्लको अप्रकाशित ताम्रपत्राभिलेख*।

काशीनाथ उपाध्याय *धर्मसिन्धुः*

= शाके १८५८ (वि.सं. १९९३)मा बम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, वासुदेव लक्ष्मण पणशीकरको *धर्मसिन्धुः– विद्वद्वर्यकाशीनाथोपाध्यायविरचितः* (*धर्मसिन्धुः*– विद्वान्हरूमा श्रेष्ठ काशीनाथ उपाध्यायले रचेको)।

काशीनाथ संगमेश्वर *व्रतराज*

= वि.सं. २०२० मा बम्बईबाट वेंकटेश्वर प्रेसद्वारा प्रकाशित, माधवाचार्यको *श्रीव्रतराजः दैवज्ञकुलभूषण–याज्ञिक-*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिरोमणिना संगमेश्वरोपाह्व –श्रीविश्वनाथशर्म्मणा विरचितः (ज्योतिषीहरूको कुलका गहना भएका, यज्ञ गर्नेहरूका शिरोमणि, संगमेश्वर भन्ने उपनाम भएका श्रीविश्वनाथ शर्माले रचेको *श्रीव्रतराज*) ।

कृत्यमहार्णव

= *वाचस्पति मिश्र*मा हेर्नू ।

कृत्यवाटिका

= खड्गपाणि अर्ज्यालमा हेर्नू ।

खड्गपाणि अर्ज्याल *कृत्यवाटिका*

= वि.सं. २०३३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको नेपाल राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, बुद्धिसागर पराजुलीको *कृत्यवाटिका* ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

गौतमवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा मा प्रकाशित पूर्णिमा ४ पूर्णाङ्कका ३१-४४ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *प्रताप मल्लको शान्तिपुरप्रवेश ।*

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग ।

ग्राहम क्लार्क र ठाकुरलाल मानन्धर २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा वीस्बादनबाट फ्रान्त्स स्ताइनर फेर्लागद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च सेन्टरको पत्रिका) ८ ठेलीका १०५-१३७ पृष्ठमा छापिएको, ग्राहम क्लार्क र ठाकुरलाल मानन्धरको *अ मल्ल कपर्-प्लेट् फ्रम सिन्धु-पाल्चोक्* (सिन्धुपालचोकको, मल्ल[वंश]को एउटा ताम्रपत्र) ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११

= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कका २६-२८ पृष्ठमा छापिएको; घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माको *कान्तिपुराधिपतेः प्रतापमल्लस्य स्तम्भलेखः [वि.सं. १७२७] (काठमाडौँ हनूमान् ढोका अगाडि प्रतापध्वज (ठूलो खंबा)को लेख)* (कान्तिपुरका राजा प्रताप मल्लको लेख खामो[मा कुँदिएको]) ।

चतुर्वर्गचिन्तामणि

= हेमाद्रिमा हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छत्रबहादुर कायस्थ २०५५

= वि.सं. २०५५ मा ललितपुरबाट छत्रबहादुर कायस्थद्वारा प्रकाशित *नेपाल संस्कृति* ८५ पूर्णाङ्कका अघिल्लो जिल्द र ३३-३४ पृष्ठमा छापिएको, उनैको *हरसिद्धि गामय् हरसिद्धि द्योथाय् च्वंगु ने.सं. ८४७ तामापत्रः छगू अध्ययन* (हरसिद्धि गाउँमा हरसिद्धि देवतास्थानमा रहेको, ने.सं. ८४७ [को] तामापत्र- १ अध्ययन)।

जीत बहादुर २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट केन्द्रीय मानन्धरसंघस्मारिकाप्रकाशनउपसमितिद्वारा प्रकाशित *केन्द्रीय मानन्धर संघ न्याक्वःगु प्रतिनिधि सभा "तःमुँज्या" या स्मारिका* (मानन्धरहरूको मूल सङ्घ, पाँचौँ प्रतिनिधिसभाको ठूलो भेलाको सम्झौटे)का ६-११ पृष्ठमा छापिएको, जीत बहादुरको *बनेपाका मानन्धरहरू*।

जीतबहादुर मानन्धर २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट तारादेवी मानन्धरद्वारा प्रकाशित, जीतबहादुर मानन्धरको *मानन्धर निबन्ध मुना* (मानन्धर[सम्बन्धी] निबन्धसङ्ग्रह)का ५८-६७ पृष्ठमा छापिएको, उनैको *भ्वँदेया मानन्धर*।

'ज्यापु' पञ्च २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट फ्रेण्डशीप युथ क्लबद्वारा प्रकाशित, लक्ष्मण गमाल 'चिलंमि' र सुरेन्द्रभक्त श्रेष्ठद्वारा सम्पादित *स्मारिका– फ्रेण्डशिप युथ क्लब नयाँबजार, पहिको टेल, काठमाडौँ*का २३-२५ पृष्ठमा छापिएको, 'ज्यापु' पञ्चको *पहिको फाँटया जातः छक्वः लुमंके* (पहिको फाँटको चिना एकपल्ट सम्झँदा)।

टप्अग्ग्राफ्इक्ल सर्‌भे ब्रान्च २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्यापिङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्ग्राफ्इक्ल सर्‌भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) २ भाग।

डिल्लीरमण रेग्मी २०२३

= वि.सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग।

तिलकप्रसाद लुइटेल २०६७

= *अग्निपुराण*मा हेर्नू।

दानगाथा

= ने.सं. १०८६ (वि.सं. २०२३) मा काठमाडौँबाट नन्दकुमारी वज्राचार्यद्वारा प्रकाशित, अमोघवज्र वज्राचार्यको *संक्षिप्त नेपाल भाषा सहित दानगाथा*।

दिनेशराज पन्त २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ४ भाग।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ३३-३८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *काठमाडौँ र पाटनका राजाका, वि.सं. १७५५ देखि १७९३ सम्मका पाँचवटा अप्रकाशित पत्र*।

दिनेशराज पन्त २०६३

= वि.सं. २०६३ मा खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित, दिनेशराज पन्तको *राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी (वि.सं. १८१५-१८६५)* २ संस्करण।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र*।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *पण्डित सुन्दरानन्दविरचित त्रिरत्न-सौन्दर्य-गाथा*।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३१

= वि.सं. २०३१ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *दोलखाको ऐतिहासिक रूपरेखा*।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३२

= वि.सं. २०३२ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *नुवाकोटको ऐतिहासिक रूपरेखा* ।

धर्मसिन्धु

= काशीनाथ उपाध्यायमा हेर्नू।

निकोलस जी. रोड्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारो २०४५/४६

= ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिद्वारा प्रकाशित; निकोलस जी. रोड्स, कार्ल गाब्रिश र कार्लो भाल्देत्तारोको द *कइन्एज् अफ् नेपाल्* (नेपालका सिक्का)।

पाण्डुरङ्ग वामन काणे २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०)मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र (एन्शन्ट् यान्ड् मेड्इईभल् रिलिजअस् यान्ड् सिभ्इल् ल)* (धर्मशास्त्र (प्राचीन र मध्यकालको धर्मसम्बन्धी र देवानी कानून)को इतिहास) ४ ठेली, २ संस्करण।

पुरुषोत्तमलोचन श्रेष्ठ २०६८

= वि.सं. २०६८ आश्विन ३ गते मङ्गलवारको दिन काठमाडौँबाट पवनमान श्रेष्ठद्वारा प्रकाशित *झिगू स्वनिगः* (हाम्रा ३ शहर) १० वर्ष २६८ अङ्कको ३ पृष्ठमा प्रकाशित, पुरुषोत्तमलोचन श्रेष्ठको *ख्वप नःपुखू जीर्णोद्धारया इवलय् लुयावःगु कान्तिपुरया जुजु जयप्रकाश मल्लया ने.सं. ८६१ या सिजः पौ* (भक्तपुर नःपुखुको जीर्णोद्धारको क्रममा देखिन आएको, कान्तिपुरका राजा जयप्रकाश मल्लको ने.सं. ८६१ को ताम्रपत्र)।

पूर्णकाजी ताम्राकार* २०५९

= वि.सं. २०५९, भाद्र २४ गते सोमवारको दिन काठमाडौँबाट अप्सरा प्रकाशनद्वारा प्रकाशित *नेवाः पोष्ट*१ वर्ष ११८ अङ्को २ पृष्ठमा छापिएको, पूर्णकाजी ताम्राकार*को *तालपतिं ब्यूगु ज्ञान* (तालपत्रले दिएको ज्ञान)।

पूर्णकाजी ताम्राकार* २०५९ क

= वि.सं. २०५९ आश्विन १४ गते सोमवारको दिन प्रकाशित *नेवाः पोष्ट*१ वर्ष १३३ अङ्कको २ पृष्ठमा छापिएको पूर्णकाजी ताम्राकार*को *थुज्वःगु नं तालपौ दु* (यस्तो पनि तालपत्र छ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णकाजी ताम्राकार* २०५९ ख

= वि.सं. २०५९ कार्तिक ५ गते मङ्गलवारको दिन प्रकाशित *नेवा: पोष्ट* १ वर्ष १४३ अङ्कको २ पृष्ठमा छापिएको पूर्णकाजी ताम्राकार*को *नेवा: जुजुपिनि पालय्या थुज्व:गु नं तालपौ दु* (नेवार राजाहरूको पालामा यस्तो पनि तालपत्र छ) ।

पूर्णरत्न वज्राचार्य २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* २ पूर्णाङ्कका १४५-१४६ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *पूर्व २ नं. ध्याग्पा लामाको गुम्वामा रहेको ताम्रपत्र* ।

फुल्जेन्तिउस भान्निनि २०३३

= ई.सं. १९७७ (वि.सं. २०३३) मा नयाँ दिल्लीबाट प्रकाशित, फुल्जेन्तिउस भान्निनिको *क्रिस्च्न् सेट्ल्मन्ट्स् इन् नेपाल् ड्यूरङ् दि एटीन्थ् सेन्चुरइ* (अठाह्रौँ शताब्दीमा नेपालमा क्रिस्तान बस्तीहरू) ।

*मजदुर** २०६८

= वि.सं. २०६८ श्रावण २६ गते बृहस्पतिवारको दिन भक्तपुरबाट लक्ष्मण जोशीद्वारा प्रकाशित *मजदुर** १३ वर्ष २०० अङ्कका १, ४ पृष्ठमा छापिएको, *न:पुखुमा दुई सय सत्तरी वर्ष पुरानो ताम्रपत्र भेट्टियो* ।

महेशराज पन्त २०३६/३७

= ई.सं. १९८० (वि.सं. २०३६/३७)मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च सेन्टरको पत्रिका) ४ ठेलीका १-३८ पृष्ठमा छापिएको, ग्राहम ई. क्लार्कको *अ हेलम्बु हिस्टरि* (हेलम्बुको इतिहास)मा गाभिएको, महेशराज पन्तले पढेका, जगज्जय मल्लको ने.सं. ८४३ चैत्रकृष्णप्रतिपदाको र ने.सं. ८४७ चैत्रकृष्णअष्टमीको ताम्रपत्रका पाठ र तिनको फ्याक्सिमिलि (३१ पृष्ठ) ।

महेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४८ पूर्णाङ्कका २३-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र* ।

महेशराज पन्त २०४१

= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६० पूर्णाङ्कका २५-२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लको अप्रकाशित ताम्रपत्र*।

महेशराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७५ पूर्णाङ्कका ११-१२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ज्योतिर् मल्लले गरिदिएको फार्छेपत्र* ।

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ६७-७० पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र (वि.सं. १६८०, १६८७, १६९६)* ।

महेशराज पन्त २०४९ क

= *पूर्णिमा* ८२ पूर्णाङ्कका ७१-८१ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दशवटा लिखतपत्र (वि.सं. १७०१, १७०३, १७१०, १७१२, १७१४, १७१६, १७२६, १७३०)* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका ६६-७१ पृष्ठमा छापिएको, महेशराज पन्तको *अर्जुनदेवको शासनको विषयमा*।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कको १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५५ क

= *पूर्णिमा* ९४ पूर्णाङ्कको ६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *जगज्जय मल्लले नागले गाउँका एक जना लामालाई जग्गा बेची गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५५ ख

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्ध्रवटा ताम्रपत्र*।

महेशराज पन्त २०५५ ग

= *पूर्णिमा* ९५ पूर्णाङ्कको ४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्रसिंह [भास्कर मल्ल] ले जग्गा दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५५ घ

= *पूर्णिमा* ९५ पूर्णाङ्कका ४५-४६ पृष्ठमा छापिएको, महेशराज पन्तको *जयप्रकाश मल्लले नानकपन्थीलाई बिर्ता दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५५ ङ

= *पूर्णिमा* ९५ पूर्णाङ्कका ४६-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको *जयप्रकाश मल्लले कौमारीको वर्षबन्धनजात्रामा बत्ती बाल्ने प्रबन्ध गरी राखेको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५५ च

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९६ पूर्णाङ्कका ३८-३९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा ताम्रपत्र*।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका ५२-५५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण- चारवटा थप ताम्रपत्र*।

महेशराज पन्त २०५६ क

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९८ पूर्णाङ्कका ४६-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको *जयप्रकाश मल्लले नानकपन्थीलाई बिर्ता दिई गरिदिएको, अर्को एउटा ताम्रपत्र*।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३२-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका ६०-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– दुइवटा थप पत्र* ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ४३-५८ पृष्ठमा छापिएको, महेशराज पन्तको *दुर्गानाथी देव गिरिले राखेको शिलापत्र* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६३ क

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– २ वटा थप पत्र*।

महेशराज पन्त २०६४ क

= *पूर्णिमा* १२६ पूर्णाङ्कका १२५-१५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– वि.सं. १९७४ वैशाख ३० गतेको फैसला*।

महेशराज पन्त २०६४ ख

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– अर्को एउटा पत्र*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका ३२८-३३३ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र सिंह (भास्कर मल्ल)का ३ वटा लिखतपत्र*।

महेशराज पन्त २०६५ क

= *पूर्णिमा* १२८ पूर्णाङ्कका ३३४-३३८ पृष्ठमा छापिएको, महेशराज पन्तको *भास्कर मल्ल/महीन्द्र सिंहका लिखतपत्रमा साक्षीहरू*।

महेशराज पन्त २०६६

= ई.सं. २००९ (वि.सं. २०६६)मा अल्मोडाबाट अल्मोरा बुक डीपोद्वारा प्रकाशित, मारी लकौंत-तिलुइनद्वारा सम्पादित, *बाईस् यान्ड् मीडिअम्ज्ः हिस्टरि, कल्चर् यान्ड् पल्इटिक्स् इन् द सेन्ट्रल् हिमालयन् किङ्डम्ज्* (हुड्केहरू र धामीहरू–मध्य हिमालयका राज्यमा इतिहास, संस्कृति र राजनीति)का २९३-३२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *टुवर्ड्ज् अ हिस्टरि अफ् द खस एम्पाइर्* (खससाम्राज्यको इतिहासतर्फ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६७

= वि.सं. २०६७ मा प्रकाशित *पूर्णिमा* १३३ पूर्णाङ्कका २७-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत*।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३५ पूर्णाङ्कका ३६१-३७७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्ल र सन्यासी– ने.सं. ७५३ (वि.सं. १६८९) मार्गकृष्णषष्ठीको ताम्रपत्र* ।

महेशराज पन्त २०६९ क

= *पूर्णिमा* १३५ पूर्णाङ्कका ३७८-३८६ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– थप २ थान ताम्रपत्र*।

महेशराज पन्त २०६९ ख

= *पूर्णिमा* १३५ पूर्णाङ्कका ३८७-३९४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– थप २ थान ताडपत्र*।

महेशराज पन्त छापिन बाँकी

= *पारदोषिक, यसको अर्थ र यसका रूपभेदको विषयमा* ।

मुरारिराज पाण्डेय २०६७

= काठमाडौँबाट मीनराज शर्माद्वारा प्रकाशित, मुरारिराज पाण्डेयको पं. नरनाथ शर्मा (पाण्डे)को *पञ्चाङ्ग मुनिरसनभोलेचन* २०६७।

मोहनप्रसाद खनाल २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९ संख्याका ४७-५२ पृष्ठमा छापिएको, मोहनप्रसाद खनालको *राजा भास्कर मल्ल (महीन्द्र सिंह)का विषयमा संशोधन र निर्णय*।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन*।

मोहनप्रसाद खनाल २०२९

= वि.सं. २०२९ मा काठमाडौँबाट मोहन खनालद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *नेपालका केही मल्लकालीन* अभिलेख*।

मोहनप्रसाद खनाल २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन* अभिलेख*।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री*।

राधाकान्तदेव [१९४३] २०२४

= शाके १८०८ (वि.सं. १९४३) मा कलकत्ताबाट ७१ न. पाथुरियाघाट-स्थितभवनद्वारा प्रकाशित, राधाकान्तदेवको *शब्दकल्पद्रुमको* पहिलो देवनागरीसंस्करण ।

वि.सं. २०२४ मा काशीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित तेस्रो संस्करण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०१९ क

= वि.सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख-संग्रह* ७ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख-संग्रह* ११ भाग।

रुक्मनाथ पौडेल २०४२

= वि.सं. २०४२ मा काठमाडौँबाट गुहनाथ पौडेलद्वारा प्रकाशित *सौदामिनी* ३ भागका १-११ पृष्ठमा छापिएको, रुक्मनाथ पौडेलको *श्रीनिवास मल्लको ताम्रपत्र*।

रूक्मिणी* वन्त प्रधान २०४२

= वि.सं २०४२ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्यूशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालसम्बन्धी लेख) १२ ठेली २ अङ्कका १०३-११५ पृष्ठमा छापिएको, रूक्मिणी* वन्त प्रधानको *विक्रमशील महाविहारको ऐतिहासिक महत्त्व* ।

रोलम्ब २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९)मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित *रोलम्ब* २ वर्ष ३ अङ्कको नेपाली खण्डको १६ पृष्ठमा छापिएको *इतिहासका कुरा* ।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११

= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कको ३० पृष्ठमा छापिएको; लक्ष्मण सत्याल र अक्रूर कुइँकेलको *राज्ञो जगज्जयमल्लस्य ताम्रमत्रम् (चाँगुनारायणको दक्षिणद्वारको दाँया खापामा टाँसेको ताम्रपत्र)* (राजा जगज्जय मल्लको ताम्रपत्र)।

वाचस्पति मिश्र *कृत्यमहार्णव*

= शाके १९०६ (वि.सं. २०४१) मा दरभङ्गाबाट कामेश्वरसिंह–दरभङ्गा–संस्कृत–विश्वविद्यालयद्वारा प्रकाशित, रामसेवक झा, प्रभुनारायण शर्मा, धर्मनाथ झा र रामचन्द्र झाको *महामहोपाध्यायसन्मिश्रवाचस्पतिविरचितः कृत्यमहार्णवः* (महामहोपाध्याय, असल मिश्र वाचस्पतिले रचेको *कृत्यमहार्णवः*)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विष्णुपुराण

= वि.सं. १९९३ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित, मुनिलाल गुप्तको *श्रीश्रीविष्णुपुराण मूल श्लोक और हिन्दी-अनुवाद* (श्रीश्रीविष्णुपुराण मूल श्लोक र हिन्दी उल्था)।

व्रतराज

= काशीनाथ संगमेश्वरमा हेर्नू।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ पूर्णाङ्कका ५५-६० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *महीन्द्रसिंह (भास्कर मल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या*।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शि.मं. पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*।

शंकरमान राजवंशी २०२८

= वि.सं. २०२८ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १६ संख्याका ३१-३६ पृष्ठमा छापिएको, शंकरमान राजवंशीको *शिलालेख र त्यसको अनुवाद*।

शङ्करमान राजवंशी २०२८ क

= वि.सं. २०२८ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १७ संख्याका १७-१८ पृष्ठमा छापिएको; शङ्करमान राजवंशीको *पार्थिवेन्द्र मल्लको वि.सं. १७४२ तामापत्र*।

शंकरमान राजवंशी २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; शंकरमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* २ भाग।

शंकरमान राजवंशी २०४४

= वि.सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; शंकरमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* ४ भाग।

शब्दकल्पद्रुम

= राधाकान्तदेवमा हेर्नू।

श्यामसुन्दर राजवंशी २०४२-२०४३

= वि.सं. २०४२-२०४३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९२-९७ संख्याको नेपाली खण्डका १५-१८ पृष्ठमा छापिएको; श्यामसुन्दर राजवंशीको *राजा वीरमल्लको भूमिसम्बन्धी तमसूक ताडपत्र* ।

संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुलेचना के.सी २०६७

= वि.सं. २०६७ मा काठमाडौँबाट गाउँविकाससमितिको कार्यालय नैकाप पुरानो भञ्ज्याङद्वारा प्रकाशित, संजीवकुमार आचार्य, सुशीलकुमार गौतम र सुलेचना के.सी.को *नैकाप पुरानो भञ्ज्याङ्ग गाउँ विकास समिति गाउँ पार्श्वचित्र (भिल्इज् प्रोफील्)*[१] २०६७।

---

१. कोष्ठभित्रका शब्द रोमन लिपिमा छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धिरत्न शाक्यभिक्षु २०६६

= वि.सं. २०६६ मा नेपालबाट नेपाल परम्परागत बौद्धधर्मसंघद्वारा प्रकाशित *वज्रयान* १ वर्ष १ अङ्कका ५२-५७ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *सिन्धुपाल्चोकमा बौद्ध विहार 'बही'को निर्माण*।

सुशील[२]कुमार गौतम २०६६

= वि.सं. २०६६ मा काठमाडौँबाट नेपालसम्पदासंघद्वारा प्रकाशित, श्रीहरि थापा संयोजक र धर्मराज शाक्य, श्रीशर्मा "मूर्ख", प्रेम शाक्य, पद्मा वैद्य, विजय प्रधान र अम्बिका श्रेष्ठ सदस्य भएको सम्पादनसमितिद्वारा सम्पादित *नेपाल सम्पदा संघ रजत जयन्ती स्मारिका*का २०-२१ पृष्ठमा छापिएको; *स्यूचाटर गा.वि.स. वडा नं. ८ मा प्राप्त प्रताप मल्लकालिन* दुई ताम्रपत्रहरू: एक विश्लेषणात्मक अध्ययन*।

सुशील कुमार गौतम २०६८[३]

= वि.सं. २०६८ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालविषयक विद्यासम्बन्धी लेखहरू) ३९ ठेली १ अङ्कका १०७-१३२ पृष्ठमा छापिएको, सुशील कुमार गौतमको नैकाप भेगको प्राचीनता निरूपणमा त्यस भेगका अभिलेखहरू।

सुरेशज्योति शाक्य २०६१

= वि.सं. २०६१ मा भक्तपुरबाट मैत्रेय युवा संघद्वारा प्रकाशित, भद्ररत्न बज्राचार्य*द्वारा सम्पादित *ख्वपया बाहा बही* (भक्तपुरका बहाल र बही)को १२१ पृष्ठमा छापिएको, सुरेशज्योति शाक्यको *श्री पशुपति महाविहार उल्लेख जुयाच्वंगु धर्म मल्ल जुजुया शासन इलय् च्वया तःगु छ्गु तम्सुक पत्र* (श्रीपशुपतिमहाविहारको उल्लेख भएको, धर्म मल्ल राजाको पालामा लेखेको एउटा तमसुक)।

हेमाद्रि *चतुर्वर्गचिन्तामणि*

= वि.सं. १९३४ मा कलकत्ताबाट आसियाटिक्–सोसायिटिद्वारा प्रकाशित, भरतचन्द्र शिरोमणिको *चतुर्व्वर्गचिन्तामणि व्रतखण्डम्। श्रीहेमाद्रिणा विरचितम्। षोड़शाध्यायपर्य्यन्तं प्रथमभागात्मकं* (चतुर्वर्गचिन्तामणि व्रतखण्ड– श्रीहेमाद्रिले रचेको, सोह्र अध्यायसम्म भएको, पहिलो भाग)।

---

२. विषयसूचीमा र लेखको शीर्षकपछि रचयिताको नाउँ दिँदा सुशिल० छापिएको छ।

३. त्यहाँ पत्रिका छापिएको मिति ई.सं. २०१२ जनवरी दिइए तापनि वि.सं. २०६९ आश्विन १४ गते आदित्यवारको दिन मात्र यो निस्केको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६९ आश्विन

यस अङ्कको मूल्य रु. २५०।-

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wink.com.np